# आम्ना खातुन हल्वाई

प्रश्नः यो चाही रेकर्ड गर्छौ । तपाईलाई ठिकै हुन्छ होला नि रेकर्ड गर्दा केही फरक पर्दैन होला नि होइन ?

उत्तरः हुन्छ त्यस्तो केही छैन । हुन्छ भइहाल्छन नि ।

प्रश्नः हजुर, हामीले चाहिँ के गरिराछौँ भने अहिले विभिन्न ठाउँका धेरैजसो सुनसरी, उदयपुर, नेपालगञ्जहरुकै अहिले बारा, दाङहरूको पनि हामी कुरा गरिराछौँ । विभिन्न ठाउँको महिलाहरुसँग चाहिँ कुरा गरेर उहाँहरूको संघर्षहरु जीवन कथाहरु चाहि हामीले डकुमेन्ट गर्ने एउटा हाम्रो प्रयास हो । अनि त्यही क्रममा तपाईसंग आज कुरा गर्ने । अनि तपाईहरु सँग कुरा गरेपछि चाहिँ एउटा पोडकास्ट रेडियो प्रोग्राम बनाउँछौं । अनि एउटा किताब प्रकाशन गर्छौं र पछि हामी फोटो र भिडियोहरु पनि बनाउँछौ । अनि यो चाहिँ अहिले वेबसाइटमा पनि जान्छ । हाम्रो वेबसाइट सञ्चालनमै छ अनि बेवसाइटमा जान्छ तपाईंको फोटो अनि पहिले आज गर्ने कन्भरसेसन र छोटो तपाईंको बारेमा जान्छ बेवसाइटमा तुरुन्तै आजभोलि भित्रै । अनि त्यही भन्दै आज सुरु गरौ है त ।

उत्तरः हजुर ।

प्रश्नः तपाईंको छोटो पारिवारिक बेकग्राउन्ड अनि तपाईंको परिवारको बारेमा, तपाईंको बाल्यकाल देखि सुरु गरौं न तपाईको कथा ?

उत्तरः हुन्छ सर्वप्रथम फेरी पूर्ण पनि नमस्कार । अस्सलाम वालेकुम, मेरो नाम अम्ना खातुन हल्वाइ । म बाँके जिल्ला, नेपालगञ्ज उपमहानगरपालिका, वडा नं ४ मा बस्छु । मेरो परिवारमा मेरो मम्मी, बुबा, दाइ, दिदी र म कान्छी छोरी । अनि त्यसपछि मेरो बाल्यकाल अब म कान्छी भएपछि मेरो बाल्यकाल राम्रोसँग बित्यो । अब सबै थरीको सुख पाए । सबै जनाले मलाई पढाई देखि लिएर सबै कुरामा सबैको सपोर्ट नै थियो । सबले माया गर्थे । सबले मलाई सहयोग गर्थे । पढाइलेखाइमा पनि सहयोग गर्थे । अब कहीँ जाँदाखेरि पनि सहयोग गर्नुहुन्थ्यो । दिदीले पनि मलाई अब सबै कुरामा भनम जस्तै माया, ममता अनि फेरी स्कुलको पढाई कस्तो चलिराछ, कोचिङ कस्तो छ, साथी कस्तो छ उहाँले पनि घरमा हेर्दिने, दिने दाइले पनि हेर्दिने । अनि अन्कल, बुवा, ममि सबैजना पढेलेखेको हुनुहुन्छ, उहाँहरुले सबैकुरामा सपोर्ट गर्नुभयो । त्यसपछि म पढ्दापढ्दै पहिला त सुरु सुरुमा म मदरासामा पढे । आफ्नो इस्लामिक कुराहरु मदरासामा पढेपछि अब अगाडि पढ्नको लागी नजिकैको एउटा स्कुल थियो, सरकारी स्कुल गौसिया माध्यमिक विद्यालय थियो, त्यहाँ एस.एल.सी गरे । त्यहाँ एस.एल.सी गरिसकेपछि फेरि मैले अगाडिको पढ्नुपर्छ भनेपछि फेरि क्याम्पस पढे । महेन्द्र बहुमुखी क्याम्पस मा बि.ए गरे । त्यहाँ पछि फेरि मैले अब फेरि अगाडि पढ्नुपर्छ त्यतिले कहाँ पुग्छ भनेपछि मैले लखनऊमा एडमिसन गरे एल.एल.बि को लागि । त्यहाँ फेरि लखनऊ अलि टाढा भएपछि मैले त्यो एल.एल.बि गर्नलाई छोडिदए । मेरो पढाइ त्यति मात्रै भयो बि.ए सम्म । त्यो दौरानमा मैले धेरै संघ संस्थाहरुमा पनि जोइन भएर पनि काम गरे । जस्तै सुरुसुरुमा सबभन्दा पहिला म फातिमा फाउन्डेसन नेपाल, एस.एल.सी दिइसकेपछि मैले सुरुमा सबभन्दा पहिला फातिमा फाउन्डेसन नेपाल हाम्रो घर नजिकै एउटा संस्था थियो । त्यहाँ एउटा इस्लाममा

मुस्लिमहरूको महिला अधिकार कस्तो हुनुपर्छ भनेर एउटा बुक थियो । त्यो बुकलाई हामीले ठाउँठाउँमा त्यो बुक सुनाउनु पर्थ्यो । महिलाहरुलाई समूह बनाएर तिनीहरूलाई त्यो इस्लामको बारेमा, हाम्रो इस्लाममा महिलाको लागि के कस्तो अधिकार राखेको छ त्यस्को बारेमा हामीले जानकारी दिन्थ्यौ । अनि दिन दिनै हामी त्यो तीन महिनासम्म रेगुलर क्लास चलायौ । त्यो क्लास सिधिसकेपछि फेरि हामी भोलेन्टियरमा काम गर्न पनि पायौ । त्यसपछि फेरी हामी बाँके युनेस्को क्लब भन्ने एउटा संस्था छ, त्यहाँ पनि काम गर्यौ । महिला सहजकर्ता नेपालमा पनि काम गर्यौ । सुपरभाईजर भएर बालशिक्षा क्लास हेर्न जान्थे अनि त्यसपछि पछिपछि त्यही युनिसेफको कार्यक्रम एउटा थियो त्यसमा मैले ट्रेनरको पनि काम पाए । ट्रेनर भएर पनि मैले क्लासहरु संचालन गर्ने, अरु साथीहरुलाई सहजीकरण गर्ने त्यसमा पनि मौका पाए । त्यसैगरी अहिले म फातिमा फाउन्डेसन नेपालमा बोर्ड मेम्बर भएर पनि सचिवको पदमा रहेर पनि काम गरे । त्यसपछि फेरी अब अहिलेको जुन सिचुएसन कोभिड(१९ को बारेमा मैले कुरा गर्दाखेरी, आफ्नो समुदायमा गएपछि त्यहाँको अवस्थाहरु हेरेर अनि त्यहाँ मैले माक्स वितरण लगायत, सेनिटाइजर अनि त्यसपछि फेरि यो दूरी कायम गर्नको लागि माक्स लगाउने, कस्तो गर्नुपर्छ अब बाहिर जादा खेरि अब घरमा बसेर त हुँदै हुँदैन बाहिर निस्किनै पर्छ त्यसको लागि के कस्तो सुरक्षा अपनाउनुपर्छ, त्यसको लागि पनि मैले क्लासहरु अलिअलि सञ्चालन गरे २-२ ४-४ जानाको ग्रुप बनाएर । अहिले त म फिल्डको काम हेरिराछु, त्यसमा हाम्रो बालविवाह न्यूनीकरणको काम छ ।

प्रश्नः अहिले पनि तपाई फातिमामै हुनुहुन्छ ?

उत्तरः अहिले पनि म फातिमा फाउन्डेसन नेपालमै छु । पहिला बोर्ड मेम्बरमा थिए अनि एउटा कार्यक्रम आयो, जि.एफ.एफ को कार्यक्रम अनि म्यामहरुले भन्नुभयो अब हामीसँग त्यस्तो मधेशी समुदाय, मुस्लिम समुदायको कोहि पनि छैन, नभए तिमी नै काम गर । अनि त्यसपछि मैले त्यहाँ रिजाइन दिएर बोर्ड मेम्बरबाट काम गरिरा छु अहिले फिल्डमा ।

प्रश्नः हजुर, अनि आम्ना जि तपाईं तपाईंको बाल्यकाल एकदमै सुखद रह्यो भन्नुभयो । अनि तपाईंको बाल्यकाल एस्तो एजुकेसनको पनि एकदमै चेतना भएको एजुकेट गर्नुपर्ने तपाईंको यस्तो सपोर्ट निस्केको चाहिँ यो तपाईंको फेमिली एउटा स्पेसिफिक भयो कि तपाईंको समाजमा पनि अरुहरु धेरैजना त्यस्तै हुनुहुन्थ्यो, धेरैजनाको परिवारहरु ?

उत्तरः यस्तो भयो के सबैभन्दा पहिला त मेरो दिदी हुनुहुन्छ घरमा । दिदिले त पढ्नु भयो तर त्यति धेरै पढ्न पाउनु भएन । मेरो फेमिलीमा मेरो परिवार नजिकै मेरो माइजु, मेरो मामा अनि मेरो फुपाजु मतलब जतिजना हाम्रो ममि तिरको बुवा तिरको सबैजना त्यही हाम्रो घर नजिकै सबैजना बस्छम । मेरो समुदायमा म आफ्नो टोलमा एउटा केटी मात्रै हो जो कि यति सम्म पढेको । मैले पनि मेरो घरमा यति कुरा हुन्थ्यो, किन पढाउनुहुन्छ, किन छोरीलाई पठाउनु हुन्छ बाहिर यति पढेर त धेरै भइसक्यो, आफ्नो इस्लामको पनि जान्ने रहिछे, प्रिय एस.एल.सी पनि यहीबाट गरेकी छे, फेरि क्याम्पस पनि पढ्यो अब किन येल्लाई बाहिर( बाहिर पठाउनुहुन्छ भनेर । म फेरि तालिममा पनि धेरै जान्थे के, अनि एकदम चासो हुन्थ्यो तालिममा जानको लागि । त्यो भएर म काठमाडौ, पोखरा, इलाम, धरान अनि जुन ठाउँमा पनि म तालिममा जान्थे के । एकचोटी उहाँले भन्नु हुन्थ्यो अनि म गईहाल्थे । म भन्थे मलाई मयाम पठाईदिनु म गईहाल्छु । कोही मान्थे मान्थेन कि म जान्न मेरो घरमा रिसाउँछन् , तर म जान्थे जहिल्यै पनि म जान्थे । मेरो

घरको मान्छेहरु बाहेक अरु सबै समुदायको मान्छेहरु बहुत कुरा काट्थे । मेरो बुवा, दाई, अन्कललाई भन्थे किन यो छोरी हो, केटी हो यस्तो किन पठाइराछौ पछि कै भयो भने के हुन्छ तिम्रो इज्जत हाम्रो सामाजमा, हाम्रो इस्लाममा या हाम्रो यस्तो हुँदैन हामीले बाहिर पठाउन हुँदैन । अहिले त मलाई हेरेर हाम्रो टोलमा सब जनाले आफ्नो छोरी, आफ्नो बहिनी, सबलाई स्कुलमा पठाउँछन् ,पढाउँछन् । मेरै तुलना दिन्छन्, मेरै उदाहरण दिन्छन् कि हेर्नु त उ पनि त पढेको छ, उसलाई हेर्नुस कहाँ(कहाँ घुम्न जान्छे, कहाँ( कहाँ जान्छे घुम्छे, उसको कत्ति इज्जत छ सामाजमा । आफ्नो छोरीहरुलाई, आफ्नो बहिनीहरुलाई पनि मेरो उदाहरण दिन्छन् के यस्तो बन्नुपर्छ भनेर भन्छन् । पहिला जल्ले मेरै खुट्टा काट्थे उल्ले नै समाजमा मेरो उदाहरण दिन्छन् आफ्नो घरमा गएर ।

प्रश्नः हजुर, अनि त्यस्तो एउटा कुनै एकदमै स्पेसिफिक एक्सपेरिऐन्स छ होला तपाईलाई एकदमै गार्हो बनाइदिएको कुरा काटेर या नराम्रो भनेर तपाईंलाई एकदमै, तपाईं र तपाईंको परिवारलाई नै एकदमै गाह्रो बनाइदेको सिचुएसन छ त्यस्तो कुनै घटना ?

उत्तरः सिचुएसन त धेरै त्यस्तो आयो तर मेरो बुवाले भन्नुभयो म कसैको पनि कुरा मान्दिन, मेरो छोरी ठिक छे, मलाई मेरो छोरीमाथि विश्वास छ बस् त्यति मात्रै हो म कसैको कुरा सुन्दिन । छोरी तिमीलाई जति पढ्नु छ, जे जे मतलब राम्रो कामको लागि जहाँपनि जानु छ तिमी जाउ, मेरो तर्फबाट मैले फेमिलीको तर्फबाट मलाई एकदम ओके थियो । जानु तपाई जति पढ्न सक्नुहुन्छ पढ्नुहोस्, तालिममा जानु जहाँ गएपनि जानुस्, म अरूको कुरा मान्दिन । धेरैले भन्नुभयो यताउता पनि कुरा पनि लगाइदिनुभयो छोरीलाई कहाँ पठाउँछ । फेरि मेरो तालिम जहिले पनि नेपालगन्जमा हुँदाखेरी  होटलमै बस्नुपर्ने हुन्थ्यो के । अनि एक दुई चोटी त यही आफ्नो टोलको मान्छेहरुले हेरे यो त होटलमा तालिम गर्न जान्छे । अनि फेरी मेरो घरमा भन्नुभयो अनि बुवाले भन्नुभयो , त के भैगयो र होटलमा तालिम छ मेरो छोरीले त्यता जान हुन त्यति धेरै जान्छन्, फेरि मेरो छोरीमाथि मलाई पूरा विश्वास छ, मेरो छोरी जे काम गर्छे राम्रो गर्छे, मेरो कहिलेपनि बेइज्जत गराउँदैन, यो सबैको इज्जत राखेरै ऊ काम गरिराखेछे भनेर भन्नुभयो । अनि मलाई पनि भन्नुभयो छोरी यस्तो कुराहरु आइरहेको छ तिमीले कहिल्यै पनि नराम्रो काम नगर्नु जसबाट मेरो शिर झुकोस् भनेर भन्नुभयो । अनि मैले पनि नाइ बुवा त्यस्तो त कहिले पनि हुँदैन, म बरु आफ्नो तरिकाले हिँड्छु बाहिर तर त्यसको मतलब यो होइन कि तपाईंको आफ्नो समाजमा आफ्नो बुवा ममीको शिरलाई झुकाइदिम भनेर मैले बुवालाई कुरा गरे । बुवाले पनि मान्नु भयो । बुवाले भन्नुभयो, ठिक छ मलाई विश्वास छ तै भएर त तिमीलाई पढाई राछु भनेर भन्नुभयो ।

प्रश्नः हजुर तपाइको परिवारमा कतिजना, को(को हुनुहुन्छ ?

उत्तरः मेरो परिवार मेरो बुबा, ममी, दाई, भाउज, दिदी हुनुहुन्छ ।

प्रश्नः तपाईं कान्छी छोरी है ?

उत्तरः म कान्छी छोरी हु । पहिला चाही अंकल अनि अन्टी पनि हुनुहुन्थ्यो । अब अंकल अन्टी छुट्टीनु भयो के । घरको छेउमै बस्नुहुन्छ उहाँ तर अब हाम्रो बुवा र अंकलको बन्डा भएन, उहाँ अर्कै घरमा बस्नुभयो । पहिला हामी सबैजना एउटै घरमा सबैजना बस्थेम । धेरै परिवार थिएन, १०-१२ जानाको पुरा जोइन्ट फेमली थियो हाम्रो ।

प्रश्नः हजुर, त्यस्तो बेला चाहिँ तपाईंको फेमिली र अहिले यो छुटिएर बसेपछि केही भिन्न छ ?

उत्तरः हजुर ?

प्रश्नः त्यो उहाँहरुको पहिला सँगै बस्नु हुन्थ्यो भन्नुभयो होइन । अनि वहाँहरु छुट्टिनु भएको कारण चाहिँ के होला ?

उत्तरः उहाँ अंकल बित्नुभयो त्यसपछि फेरि उहाँ अन्टीले भन्नुभयो, अब मेरो अंकल हुँदाखेरी त मेरो बुवा र अंकलको राम्रो मिल्थ्यो सबै कुरा मिल्थ्यो । त्यसको अब छोरा छोरीहरु बढ्छन् , अब उनको केही इच्छा छ हाम्रो घरको के इच्छा छ अब फरक त भइहाल्छ अलिअलि त्यही भएर बुवाले भन्नुभयो आफ्नो जिन्दगीमा नै म उसको बटवारा गर्दिन्छु, उसको जे हुन्छ हुन्छ मेरो जे हुन्छ हुन्छ म आफ्नो तरिकाले अब आउने जाने खाने लाउने त छ राम्रोसँग छ तर त्यस्तै हुन्छ नि आफ्नो सम्पत्तिमा बन्डा गर्दिनु भयो, एति तिम्रो भयो यती मेरो भयो भनेर । अनि आउने जाने त राम्रै छ, त्यस्तो केही छैन ।

प्रश्नः हजुर, त्यसो भए तपाईंको कान्छी छोरी अनि तपाईंको परिवारमा धेरै सपोर्टहरु भएको कारणले नि तपाईंलाई चाहिँ धेरै नै इन्फ्लुयेन्स गर्यो, तपाईं अहिले जहाँ हुनुहुन्छ त्यहाँ पुग्नलाई धेरै नै इन्फ्लुयेन्स गरेको छ होइन ?

उत्तरः मेरो घरमा फेरि मलाई मात्रै हो के । मेरो अन्टिको मानम मेरो अंकलको छोरीले पनि त्यति पढ्नु भाको छैन । उहाँले किन पढ्नु भा छैन भनेपछि मेरो अन्टि गाउँको हुनुहुन्छ अनि गाउँमा उहाँको दाइले भन्नुभयो म पढाउँदिन, यति पढ्न दिन्न भनेर । मेरो अंकल बित्नुभयो त्यही भएर मेरो बुवा र उहाँको अलिकति मेल खाएन के । मेरो बुवाले भन्नुभयो नाइ म पढाउँछु, आफ्नो कान्छी छोरीलाई पढाएको छु भने भाइको छोरीलाई किन नपढाउने, तिनीहरू पनि पढ्छन् । तर उनीहरूको बिहे पनि भइसक्यो, छोराछोरी पनि भइसक्यो, मभन्दा कान्छी छन् के, पढ्न पनि पाएनन्, एस.एल.सी पनि दिन पाएनन् ।

प्रश्नः ए हजुर हजुर ।

उत्तरः मेरो अंकल बितेपछि आफ्नो माइतको कुरा मान्नु भयो, मेरो बुवाको कुरा त मान्नुभएन । अनि भन्नुभयो कि छोरीलाई मात्रै पढाएर पनि हुँदैन, उसको बिहे गर्दिनु पर्यो, उसको घर बसाई दिनु पर्यो भनेर उहाँको सोच थियो । मलाई त केही भन्नुभएन तर आफ्नो छोरीहरुलाई त्यति पढाउनु भएन । दुइटा छोरी थिए, दुइटै छोरीलाई पढाएनन् । दुइटै छोरीको बिहे गर्दे । मभन्दा कान्छी छन् दुइटै अनि छोराछोरी छन् उनीहरूको ।

प्रश्नः ए हजुर, तपाइको एकताल बाबाको बारेमा  अलिक बताइदिनुस् न, कस्तो मान्छे हुनुहुन्छ उहाँ या तपाईंको परिवारमा अरु जो पनि हुनुहुन्छ उहाँहरूको बारेमा पनि बताइदिनु न र उहाँले तपाईंको लाई मा कस्तो इन्फ्लुयेन्स पार्नु भाको छ त्यस्को बारेमा पनि ?

उत्तरः अहिले मेरो बुवा ७५ वर्षको हुनुहुन्छ । हाजिर हुनुहुन्छ मेरो बुबा ममी, दुवैजना ७५ बर्षको हुनुहुन्छ । मेरो बुवा जेठो छोरा हुनुहुन्छ । मेरो दादा भनेपछि मेरो बाजे, मेरो बुवाको बुवाको दुइटा छोरा मात्रै थिए । एउटा जेठो छोरा, एउटा कान्छो र बहिनी । मेरो बुवाको एउटा बहिनी, उहाँको बिहे इन्डियामा भयो । अनि कान्छो भाईलाई पनि मेरो बुवाले धेरै पढाउनुभयो, आफु पनि पढ्नुभयो । अनि दुइजनाको

राम्रोसँग जिन्दगी बित्यो । बिहे भयो, छोरा छोरी भए, सबै परिवार राम्रो थियो । मेरो दादा मतलब बाजे पनि एक किसिमको जिमेवार मान्छे पनि हुनुहुन्थ्यो अनि बिजनेस म्यान, त्यो घ्यूको व्यापार गर्नुहुन्थ्यो । पहिला घिउ र अलैची आउँथ्यो पहाडदेखि त्यसको ठूलै व्यापारी हुनुहुन्थ्यो । अनि उहाँको पनि जिन्दगीमा त्यस्तो केही त भएन राम्रै थियो, सबै राम्रै भयो तर अलिकति भाइको मृत्यु भएपछि मेरो बुवा अलि आफूलाई एक्लै महसुस गर्नुभयो । अनि जब मेरो अंकल बित्नुभयो त्यसको एक वर्षभित्रै मेरो दादा, बुवाको बुवा पनि बित्नुभयो । त्यसमा अलिकति दुःख भइहाले मेरो घरको सबै फेमिलीलाई, धेरै दुःख भयो ।

प्रश्नः हजुर ।

उत्तरः त्यसपछि हामी अब अलिअलि अन्टिको परिवार अलि छुट्टै भयो, मेरो परिवार छुट्टै भयो । बुवाको बुबा पनि बित्नुभयो, अंकल पनि बित्नुभयो । अब उहाँको सोच, इच्छा अब आफ्नो माइत तिर गै हाल्यो । मेरो बुवाको कुरा अब जेठो हुनुहुन्छ केही मान्नुहुन्छ कि मान्नुहुन्न भनेपछि मेरो बुवाले पनि अब मेरो भाई नै भएन भने पछि अब उहाँको अब जे सम्पत्ति हुन्छ आधा आधा बण्डा गरेर छुट्याई दिनुभयो । ठीक छ अहिले हामी दुईजनाको मिल्छ पछि नमिले पनि फेरि हामीलाई नै गाली गर्छन्, मरेपछि के हुन्छ र , कसले लगेर जान्छ भनेपछि आधा आधा गर्दिनुभयो । अब उहाँको परिवार सुख सँग खाछन्, बसेछन् । छोराको बिहे भाछैन, मेरो मअंकलको पनि एउटा छोरा दुइटा छोरी । मेरो फेरी तिनवटा हामी दिदीबहिनी अनि एउटा दाई ।

प्रश्नः हजुर हजुर, अब तपाईंको पढाइ र त्यो ट्रेनिङको बारेमा कुरा गरौ । तपाई मदरासामा पढ्नुभयो भन्नुभयो, त्यहाँ मदरासा कै बारेमा अलिकति बताईदिनु न । कसरी त्यो सञ्चालन हुन्छ, कस्तो के कुरा पढाईन्छ ?

उत्तरः म्याम मैले मदरासामा त पढे । एउटा कुरा छुटाए, मैले मदरासामा पढेपछि मेरो उमेर सायद १४ वर्षको थियो जतिखेर मैले एस.एल.सी पास गरेको । त्यतिखेर मैले एउटा मदरासामा पढे, इस्लामिक कुरा हुन्छ त्यसमा सबभन्दा पहिला आफ्नो इस्लामिक कुराहरु सिकाईन्छ । आफ्नो उर्दू अरबि हुन्छ, उर्दू अरबि पढाइन्छ । यसैमा फेरी मिक्स हुन्छ के नेपाली अङ्ग्रेजी,एउटा बुक इन्डलिसको हुन्छ । अरु जस्तै सरकारी पाठ्यक्रम हुन्थ्यो, त्यो पढाइन्थ्यो । अनि त्यसपछि हामी जब एस.एल.सी गर्यौं, एस.एल.सी गरेपछि मैले मदरासामा पढाउने मौका पाए ।

प्रश्नः हजुर, तपाईंले आफैले पनि पढाउने मौका ?

उत्तरः अ मैले मौका पाए, पढाउने मौका पाए । पहिला मैले बाल कक्षा पनि पढेको हो । मदरासा पढ्दाखेरी मैले बाल कक्षा पनि पढेको हो । ठाउँठाउँमा पढाउँथे नि टोलटोलमा पहिला बालशिक्षा ।

प्रश्नः हजुर ।

उत्तरः बाहारी बालशिक्षा पढाउँथे, एउटा किताब आउँथ्यो नगरपालिका देखि । त्यसमा पनि मैले पढे । अनि १० क्लास पास गरेपछि मैले एउटा मदरासामा अफर पाए पढाउनको लागि । त्यहाँ मैले तीन वर्षसम्म पढाए । पुरै नहुने ठाउँ हो अहिले मेरो फिल्ड ऐरिया त्यो पनि हो । मैले फिल्ड ऐरियाको पनि छनोट गरेको । म पुरानो भएर मलाई त्यहाँ पठाउनुभयो । अनि मैले तिन वर्षसम्म त्यहाँ पढाए, प्लान

नेपालको कार्यक्रम मतलब प्लान नेपालले पैसा दिन्थ्यो मदरासालाई कुनै शिक्षिका राख्नुस् भनेर । मैले त्यहाँ तीन वर्षसम्म पढाए । त्यसपछि त्यहाँबाट फेरि मैले धम्बोझी, नेपालगन्ज आउनुभाको छ कहिले ?

प्रतिनीधी सभा सदस्यहरुको सम्पर्क नम्वर

प्रश्न: छैन ।

उत्तर: नेपालगञ्ज आउनुहुन्छ भने  सबभन्दा पहिला तपाईलाई धम्बोझीनै पर्छ, धम्बोझी चोक पर्छ । धम्बोझीमा मेरो मदरासा एउटा थियो, त्यो मदरासामा मैले ३ वर्षसम्म प्रिन्सिपल भएर पढाए ।

प्रश्न: हजुर ।

उत्तर: पहिला टिचरको लागि बोलाउनुभयो । जुन प्रिन्सिपलले मलाई टिचरको लागि बोलाउनु भाको थियो, उहाँ इन्डियाको हुनुहुन्थ्यो उहाँले भन्नुभयो म अब पढाउदिन् अब तिमील नै पढाउ । अनि त्यो समुदायको सबैजनाले मलाई प्रिन्सिपल नै बनाइदिए । एक वर्षसम्म मैले त्यहाँ टिचिङ गरे त्यसपछि मलाई त्यही मदरासाको प्रिन्सिपल बनाइदिए, तिमी प्रिन्सिपल भएरै पढाउ । अनि त्यसपछि त्यहाँ ३-४ वर्षसम्म मैले पढाए स्कुलको मदरासामा । त्यहाँ पढाइ सकेपछि फेरि मलाई बीचबीचमा म यो आइएनजीओ एनजीओ सँग पनि आबद्ध थिए जस्तै युनेस्को बाँके, फातिमा फाउन्डेसन नेपाल, महिला सहजकर्ता मञ्च नेपाल, रुसुफ नेपाल अनि त्यो एउटा मुस्लिम समाज मञ्च छ त्यहाँ पनि मैले काम गरैं । त्यो फिल्डको काम गर्थे के जहिलेपनि स्कूलदेखि फुर्सद पाए पछि म फिल्डकै काम गर्थे । अनि सब जनाले मलाई आफ्नो अफिसमा बोलाई हाल्नु हुन्थ्यो, मेरो अफिसमा काम गर्नुस् भनेर । ३-४ ठाउँको त म  सचिव थिए अनि अहिले पनि सिवि नेपालमा एउटा युवा महिला सञ्जालको अध्यक्ष छु म । अनि रुसुफ नेपालको उपादक्ष्य छु । फातिमा फाउन्डेसन नेपालमा सचिव थिए त्यो पद मैले छोडे । महिला सहजकर्ता मञ्च नेपालको फेरि सचिव छु । यस्तै(यस्तै अफिसहरुमा पनि जिइन भए अनि स्थानको बारेमा मलाई धेरै नलेज छ त्यही भएर म आफ्नो घरमा फुर्सदको बेलामा अलिकति एकघण्टा निकालेर बच्चाहरुलाई बोलाएर कोचिङ क्लास पनि दिन्छु ।

प्रश्न: ए हजुर, तपाईले अघि भन्नुभाको युसुफ कि के भन्नु भाको, कुन चाहि अर्गनाइजेसन ?

उत्तर: हजुर ?

प्रश्न: तपाईले अघि एउटा अर्गनाइजेसन भन्नु भा थियो नि युसुफ कि के भन्नुभाथ्यो ?

उत्तर: रुसुफ नेपाल ।

प्रश्न: रुसुफ ? आर यु ?

उत्तर: एस यु एफ ।

प्रश्न: रुसुफ, अनि मदारासा स्कुलमै बारेमा अलिकति बताइदिनु न कसरि संचालन हुन्छ ? यो त सरकारी स्कुलमा जोडिसकेको छ होइन, सरकारी स्कूल नै भनम ।

उत्तरः बच्चा नि सरकारी सरह नै हो । यहाँ पनि सरकारी पाठ्यक्रम नै लागू हुन्छ । अनि एउटा इन्लिस हुन्छ अनि त्यो पूरै सरकारी पाठ्यक्रमहरू हुन्छ । अनि त्यसपछि फेरि हाम्रो जुन अरबी र उर्दू हुन्छ त्यो पनि त्यसमा मिसाएर पढाउनु पर्छ । अनि शुक्रबारको दिन पुरा त्यहाँ बिदा हुन्छ । अनि बिहीबारको दिन हाम्रो थ्रसडे को दिनमा हाम्रो हाफ टाइम हुन्छ जसमा हामी इस्लामिक कुराहरु मात्रै सिकाउँछौं मदरासामा ।

प्रश्नः ए हजुर ।

उत्तरः इस्लामको बारेमा, इस्लामीक कुरान नमाज कसरी पढ्ने, रोजा कसरी बस्ने, आफ्नो इस्लामिक तरिकाहरुलाई कसरी अपनाउने अनि कुन तरिकाले हाम्रो नबि मोहम्मदअसलम कुन बाटो हामीलाई हेराउनु भाको छ त्यस्ता कुराहरुलाई हामीले बच्चाहरूको उसमा फलो गर्ने जिबनमा उतार्नको लागि ।

प्रश्नः हजुर, अनि तपाई मदरासामा पढ्न पाउँदा खेरी तपाईलाई एकदमै भाग्यमानी जस्तो लाग्थ्यो आफुनै कि कस्तो फिल हुन्थ्यो तपाईंलाई मदरासर मा पढ्न ?

उत्तरः हजुर ?

प्रश्नः मदरासामा पढ्नु हुँदा तपाईलाई भाग्यमानी लाग्थ्यो कि कस्तो फिल हुन्थ्यो ?

उत्तरः मलाई राम्रो लाग्छ किनभने मेरो दिदी, दाई सबैजना मदरासा मै पढ्नुहुन्थ्यो । त्यही भएर मलाई बहुत खुशी लाग्थ्यो । अनि त्यहाँ  मलाई के खुशी लाग्थ्यो भनेपछि पहिला त मेरो दिदी पढ्नुभयो, दाई पढ्नुभयो दिदी पढ्नुभयो त्यसपछि म पनि पढे अनि मलाई त्यहाँ यति माया गर्थे सब जनाले । अनि माया किन गर्थे भनेपछि मेरो घरमा जुन मलाई सबक दिनु हुन्थ्यो नि, त्यो सबक जुन हुन्छ पढ्नको लागि घरमा दिनेलाई सबक भन्छम के हामी होमवर्कलाई ।

प्रश्नः के भन्नुहुन्छ ?

उत्तरः होमवर्कलाई ।

प्रश्नः सबक ?

उत्तरः हजुर सबक भन्छन् के उर्दू मा । सबलाई घरमा आएपछि मेरो दादा, बुवाको बुवा उहाँको के बानी थियो भनेपछि स्कुलबाट आउने, खाना खाने, खाना खाइसकेपछि एकछिन रेस्ट गर्ने, रेस्ट गरिसकेपछि, फेरि मेरो घरको आगन बहुत ठुलो छ अनि त्यही फेरि चट्टाई(सट्टाई  बिछ्याउने अनि सबजना टोल छिमेकका बच्चाहरु आउथे पढ्नको लागि आउँथे घरमा । मेरो दादुले पढाउनुहुन्थ्यो, बुवाको बुवाले । सबलाई सबक याद गराइदिनु हुन्थ्यो, होमवर्क मतलब याद गराइ दिनुहुन्थ्यो । अनि जसमा म एकदम फस्ट हुन्थे अनि एकदम छिटो याद गरेर फेरी सब बच्चाहरूको सुन्थे, सबलाई  याद गराउँथे । अनि स्कूलमा जानेबित्तिकै जस्तो हाम्रो प्रेयर हुन्थ्यो नि, प्रेयर हुन्थ्यो अनि हाफिक जी आउनुहुन्थ्यो मौलाना साहेब भनी उहाँले बोलाउनुहुन्थ्यो । आउनुस् भनेर भन्नुहुन्थ्यो म जान्थे, एकदम छिटो सबक सुनाएर अनि भन्नु हुन्थ्यो अब सब जनाको एउटा पालैपालो सबैको सुनिदेउ भन्नुहुन्थ्यो । त्यही भएर यति खुशी लाग्थ्यो । सानो भएपनि मलाई बहुत खुशी लाग्थ्यो । पहिला मदरासामा के हुन्थ्यो, मदरासामा यस्तो थियो के क्लास हुन्थेन के । त्यहाँ क्लास हुन्थेन जस्तै १ कक्षा, २ कक्षा त्यस्तो हुन्थेन, त्यसैमा ठूलो पनि पढ्थे

सानो पनि पढ्थे । ठूला एजको पनि त्यसैमा केटाकेटी हुन्थे सानो एजको पनि केटाकेटी त्यसैमा हुन्थे । केटीको लाइन छुट्टै हुन्थ्यो केटाको लाइन छुट्टै हुन्थ्यो त्यति मात्रै हुन्थ्यो । भूइमा हामी चकट्टी बिछ्याएर बस्थिम । एक तिर हाफिक जि बस्नुहुन्थ्यो मौलाना साहेब जसले सबक पढाउनुहुन्थ्यो । भनी एकतिर केटाहरु एकतिर केटिहरु । त्यसमा ठूलो एजको पनि हुन्थे सानो एजको पनि हुन्थे । अनि सबको लाइन लाइनबाट सुन्थे म । सुनेपछि मलाई बहुत राम्रै मान्थे त्यहाँको अनि त्यहाँको राम्रो माने पछि मलाई एकदम खुशी लाग्यो । फेरि मेरो घरको बानी पनि एकदम राम्रो थियो । जहिले पनि स्कुल कहिले पनि छुटाउनु हुन्थेन, दिनदिनै स्कूल जानु पर्थ्यो । शुक्रबारको दिन पनि आज स्कुल किन नगाको भन्नु हुन्थ्यो अनि नाइ बाबा आज शुक्रबार हो भनेपछि ए हो शुक्रबार हो भन्नुहुन्थ्यो, शुक्रबार बिदा हुन्थ्यो बहुत खुशी लाग्थ्यो । अनि त्यसपछि त्यहाँ शुक्रबारको दिन छुट्टी हुन्थ्यो, शुक्रबार हाम्रो मुस्लिमहरुमा सानो ईद भन्छन् के शुक्रबारको दिनलाई, ईद त ईद हुन्छ एक वर्षमा तर प्रत्येक शुक्रबारलाई सानो ईद भन्छन । त्यो दिन नुहाइधुवाइ गर्ने, राम्रो कपडा लगाउने, नमाज पढ्न जाने । जो नमाज पढ्दैनन् एकहप्तामा त्यो मान्छे पनि एक हप्तामा एकचोटी अबस्य नै मस्जिदमा नमाज पढ्न जान्छन् शुक्रबारको दिनमा ।

प्रश्नः हजुर ।

उत्तरः त्यसैले धेरै खुशी हुन्थेम के हामी मदरासामा पढ्दाखेरि, बहुत खुशी लाग्थ्यो ।

प्रश्नः हजुर, अरू के फरक छ मदरासामा पढ्नु र एउटा नर्मल नेपाली गभरमेन्ट स्कुल अथवा नर्मल स्कुलमा पढ्नु ?

उत्तरः मलाई चाहिँ कस्तो लाग्छ भने म यस्तो थिए के , अब घरमा सबैजना आउधी बोल्ने, हिन्दीमा पनि आउधी बोल्ने, समुदाय पनि आउधी समुदाय थियो मधेसी समुदाय । खाएन्नो, जाएन्नो त्यस्तै आउधी हिन्दी मिक्स बोल्थे । अघि मदरासामा त्यस्तै बोल्थे । स्कूल पढ्ने जाने बेलामा यहाँ एस.एल.सी पढ्ने बेलामा एकजना कमल खनाल सर हुनुहुन्थ्यो । अनि उहाँले के भन्नु हुन्थ्यो, तिमीलाई किन नेपाली आउदैन । हिजोको भोलि भोलिको हिजो भन्थे म जहिलेपनि । एस.एल.सी पढ्दा पनि मेरो त्यति दिमाग थिएन । हिजोलाई भोलि भोलिलाई हिजो, आउने दिनलाई पनि भोलि भन्थे अनि गैसकेको दिनलाई पनि भोलि भन्थे के, त्यति पनि आउथेन मलाई । राम्रोसँग नेपाली नै बोल्न आउथेन अनि त्यो स्कूल पनि अब इस्लामिक स्कुल थियो तर एस.एल.सी सम्म त्यहाँ थियो । अब नेपाली टिचरहरु थिए, तिनीहरूसँग नेपाली बोल्दा खेरि नेपाली नै नआउने । अनि दुईचार जना हाम्रो नेपाली बोल्ने साथी थिए, तिनीहरू पनि जिस्काउँथे के किन तिमीलाई नेपाली आउँदैन । सरले पनि जहिल्यै पनि भन्ने तिम्रो बुवा अनि दादुलाई कति राम्रोसँग आउँछ, तिमी किन बोल्न सकेको छैनौ अहिलेसम्म भन्नु हुन्थ्यो के ।अब समुदाय पनि त्यही मधेसी, हिन्दी बोल्ने समुदाय त्यही भएर मलाई अलिकति अर्कै लाग्थ्यो । क्याम्पस जाँदा पनि मलाई अर्कै लाग्थ्यो तर पनि म क्याम्पस पनि जान्थैं पढ्न । मेरो त्यति नेपाली बोल्ने टोन राम्रो नै भएन । अहिलेसम्म पनि त्यस्तै छ के मेरो नेपाली टोन ।

प्रश्नः हजुर ।

उत्तरः लेख्न म शुद्ध लेख्छु अनि बोल्दा के के मिसाइदिन्छु म ।

प्रश्नः हजुर अनि कहिले सिक्नु भो, कसरी सिक्नुभयो तपाईले यति पनि बोल्न ?

उत्तरः अहिलेसम्म पनि कहाँ सिक्न पा छु र । त्यस्तै मिलाई मिलाई बोल्छु के ।

प्रश्नः हजुर ।

उत्तरः त्यस्तो समुदाय नै भएन । त्यस्तो मेरो वातावरणले भएन कि म राम्रोसँग नेपाली बोल्न सिकम भनेर । अहिले पनि मेरो फिल्ड पनि त्यही मधेसी बाला फिल्ड छ । खाइबे, जाइबे, सोइबे भनेर भन्छन् त्यही ठाउँमा म परेछु । कुनै त्यस्तो अवस्था नै आएन कि म एकदम नेपाली समुदायमा गएर नेपाली त्यही गएर खास नेपाली बोल्ने, केहि त्यस्तो परेन मलाई ।

प्रश्नः हजुर ।

उत्तरः त्यही भएर मेरो नेपाली खास राम्रो भएन । अब लेखाइ फेरि एकदम शुद्ध हुन्छ, एउटा पनि मिस्टेक हुँदैन । लेखाईमा एउटा मिस्टेक हुँदैन, बोलाईमा एकदम सबले चिनी हाल्छन् यो त मुस्लिम नै हो नि जस्तो लाग्छ ।

प्रश्नः तर पनि राम्ररी बोली राख्नु भइराछ छ त । मलाई त लागेको थिएन तपाईले सिक्नु भाथेन तर तपाईलाई लाग्छ बोल्न आउँदैन भनेर त ।

उत्तरः हजुर ?

प्रश्नः मलाई त्यस्तो लागेन के तपाईले अहिले जसरी बोली रहनु भा छ, मलाई चाहिँ त्यस्तो भिन्नता लागेन ।

उत्तरः नाइ नाइ, अब खै के के बोल्दिछु के । अब पहिला पहिला मदरासाहरुमा के पढाउँथे भन्दा का खा, गा पढाउँथे ।

प्रश्नः हजुर (हा हा ) ।

उत्तरः अब मुख यसतो माथिसम्म लगेर पुरा, जस्तै क मा आ मात्रै लगाउँदा का हुन्छ नि, तिनीहरू एउटा क लाई माथि का, खा भन्थे ।

प्रश्नः हजुर (हा हा ) ।

उत्तरः हामीहरु छ लाई छा भन्दिन्छम् के ।

प्रश्नः हजुर हजुर ।

उत्तरः त्यस्तो थियो ।

प्रश्नः हजुर, अनि तपाईले ट्रेनिङहरुको कुरा गर्नुभयो, तपाईलाई एकदमै धेरै जस्तो ट्रेनिङ जानलाई किन मन लागेको तपाईलाई ?

उत्तरः हजुर ?

प्रश्नः तपाईले ट्रेनिङको कुरा गर्नुभाको थियो नि ।

LOOM

उत्तरः हजुर ।

प्रश्नः अनि तपाईंलाई जस्तो पनि ट्रेनिङमा एकदमै जान मन लाग्थ्यो, म जान्थे भन्नुभयो नि । अनि त्यसरी जान मन लागेको कारण चाहिँ के होला ? के ले चाहिँ तपाईलाई आकर्षण गर्यो ?

उत्तरः मैले एकदम जस्तै नयाँ नयाँ कुराहरू हुन्छ नि, मलाई एकदम सिक्ने इच्छा हुन्थ्यो के । म टिचरलाई हेर्दाखेरि पहिला सुरुसुरुमा सानो हुँदाखेरि टिचरलाई हेर्दाखेरि म पनि घरमा गएर टिचरको नक्कल गर्थे के । घरमा जान्थ्ये अनि भन्थे मपनि दुई चोटि बान्छु । मेरो घरको अगाडी एउटा टिचरहरु निस्किराथे, बिहान साँझ तिर आउने जाने क्रममा मैले हेर्दाखेरि मलाई पनि म टिचर बन्छु , मलाई यस्तो उस्तो मतलब गर्न मनलाग्छ, टिचर जस्तै बन्न मन लाग्छ । मेरो सानैदेखि इच्छा थियो कि म टिचर बन्छु, म पढाउँछु भनेर । अनि नयाँ नयाँ कुराहरू सिक्ने मलाई बहुत इच्छा थियो । त्यही भएर म जहिलेपनि तालिममा जान्छु । भनेपछि त्यहाँ त केही न केही नयाँ कुराहरू हुन्छ पक्कै पनि । तालिममा त राम्रो कुराहरु सिकाउँछन् कहिले पनि त्यहाँको त्यस्तो हुँदैन कि नराम्रो कुरा सिकाउने । त्यही भएर मलाई बहुत इच्छा हुन्थ्यो के अनि म जान्थे ।

प्रश्नः हजुर, अनि कस्तो कस्तो खालको ट्रेनिङ लिनुभयो त तपाईले ?

उत्तरः मैले टेनिङमा त धेरै ट्रेनिङ लिएँ । मैले लिडरसिपको पनि ट्रेनिङ लिए छु । अनि ट्रेनिङ त स्याम कुरै छोड्दिनुस कतिधेरै ट्रेनिङ लिएँ नाम नै बिर्सिसके, अहिले त कति हो कति हो ट्रेनिङ लिएको ।

प्रश्नः हजुर ।

उत्तरः तर सबैभन्दा धेरै मैले युनिसेफ र नगरपालिकाको जुन कार्यक्रम चलि राथ्यो, बाल शिक्षा कार्यक्रम, त्यसमा मैले धेरै ट्रेनिङ लिएँ ।

प्रश्नः हजुर, तपाईंलाई चाहिँ एडुकेसन तिर नै एकदमै बढी आकर्षित गर्यो है ?

उत्तरः हजुर हजुर ।

प्रश्नः अनि अब अलिकति मुस्लिम समाजको कुरा गरौं । हामी यस्तो सामान्य नेपालीहरुलाई चाहिँ धेरै मुस्लिम परिवार अथवा सामाज कस्तो हुन्छ भनेर चाहिँ थाहा छैन । त्यसैले एकचोटी अलिकति हामीलाई जेनेरिक आइडिया भन्दिनुस् न कस्तो हुन्छ मुस्लिम समाज ?

उत्तरः के आइडिया ?

प्रश्नः मुस्लिम समाजको बारेमा र तपाईंको नेपालगन्जको मुस्लिम सामाजको इतिहास कस्तो छ, लखनऊ छेउमै छ होइन ?

उत्तरः लखनऊ यहाँबाट त्यति छेउमा त छैन तर पनि हामी लखनऊ जाने आउने गरिराको हुन्छौ । यहाँ नेपालगन्जमा हाम्रो मुस्लिमहरुको आफ्नो इस्लाममा एकदम कट्टर छन् । जस्तो भन्छन् नि नमाज पढ्नुपर्छ भन्ने पढ्नै पर्छ, दिनमा पाँच टाइमको नमाज पढ्नुपर्छ । एउटा आम साधारण मुस्लिमलाई पनि दिनमा पाँचवटी नमाज पढ्नुपर्छ । यहाँको मुस्लिमलाई सबै थाहा छ त्यही भएर तिनीहरु हाम्रो केटा मान्छे भन्दा

केटी मान्छेहरुले नमाज पढ्ने, रोजा बस्नेमा धेरै उ गर्छ । अब केटा मान्छेहरू बाहिर जान्छन् कमाउनको लागि बिहानदेखि साँझसम्म बाहिरै बस्छन् त्यही भएर उनीहरूको एउटा दुइटा मिस भैहाल्छ ।

प्रश्नः हजुर सुनिएन अलिकति, हजुर भन्नुस त ।

उत्तरः हजुर ?

प्रश्नः हजुर सुनिराछ ।

उत्तरः हाम्रो मुस्लिम समुदायको यहाँ जुन नेपालगन्जमा मुस्लिम समुदायका महिलाहरु अथवा जेन्ट्सहरु छन् , यिनीहरु आफ्नो इस्लाममा एकदम कट्टर छन् । अब कुन फातीया कहिले गराउनुपर्छ अनि कुन तिहारमा के गर्नुपर्छ, मोहोरम कसरी मनाउने अनि  मोहम्मद डे कसरी मनाउने, तिनीहरू एकदम जागरुक हुन्छन् आफ्नो तिहार मनाउनको लागि । अनि नमाज पढ्ने, नमाज पढ्नमा यताको मुस्लिमहरुको एकदम कन्टिन्यू गर्छन् जस्तै ५ टाइमको नमाज पढ्नुपर्छ भनेपछि तिनीहरु जसरी भएपनि ३ टाइम ४ टाइम त मस्जिद जान्छन् जान्छन्  । अहिले कोभिड(१९ ले गर्दा मस्जिदमा जान पाको छैनन् नत्र त यतातिरको मुस्लिमहरु नमाज पढ्न जान्थे । केटा जुन भर्खरका केटाहरु हुन्छन् तिनीहरू पनि जुन उमेर भइसकेको अलि बुढापाको हुनुहुन्छ, उहाँभन्दा नि भर्खरको केटाहरु छन् जस्तो टिनेजको केटाहरू तिनीहरु धेरै नमाज पढ्न जान्छन् अनि रोजा बस्ने, जकाद लिने  अनि जुन हाम्रो भिक्षा माग्न आउँछन् नि बाबाहरु तिनीहरूलाई भिक्षा दिने । यताको मुस्लिमहरुमा आफ्नो इस्लाम प्रति, आफ्नो मझप प्रति, धर्म प्रति धेरै कट्टर छन् तिनीहरु । तर अरूको पनि धर्मलाई राम्रो मान्छन् । यस्तो छैन कि मेरो धर्ममा यस्तो छ भनेपछि अरूको धर्मलाई हेला गर्ने अनि नराम्रो भन्ने, त्यस्तो पनि छैन । हाम्रो यता तिरको मुस्लिमहरुले मोहरम र दशै अहिलेसम्म, यसपाली त मोहरम र दशै सँग परेन नत्र २(३ वर्षमा हाम्रो मोहरम र दशै सँगसँगै परेको थियो नेपालगन्जमा । यतिखेर हाम्रो मुस्लिमहरुले हाम्रो हिन्दु भाइहरूलाई सपोर्ट गर्ने सहयोग गर्ने अनि हिन्दु भाइहरुले जब रातिको मूर्ति हुन्छ नि, मूर्ति जुन राख्छन् बाटो बाटोमा मन्दिरको छेउमा, त्यो मूर्ति राख्ने बेलामा आधा बाटो छोडेर मूर्तिको लागि तयार गर्नुहुन्थ्यो डेकुरेट गर्नुहुन्थ्यो कि यता आधा बाटोमा हाम्रो मुसलमान भाइहरूको आलाम काजिया निस्कन्छ , उहाँहरुकै विचारले आफ्नो आधामा गराउनु हुन्थ्यो, हाम्रो मुस्लिमहरुले आधामा आउने जाने गर्थे । त्यसैले त तिरको मुस्लिम र हाम्रो हिन्दु भाईमा एकदम राम्रो सम्बन्ध छ । उहाँहरुले मुस्लिमहरूको तिहार पनि राम्रोसँग मनाउँछन् , सहयोग गर्छन् अनि मुस्लिमहरुले पनि हिन्दुहरूको तिहारमा सपोर्ट गर्छन् , तपाईं आफ्नो राम्रोसँग मनाउनुस म आफ्नो राम्रोसँग मनाउँछु । यहाँ त कहिले पनि झगडा हुँदैन । एकचोटी झगडा भा थियो त्यो सुरुमा म सानो हुँदा खेरी त्यसपछि त यति राम्रो यहाँको माहोल छ , बहुत राम्रो माहोल छ यहाँको ।

उत्तरः के कुरामा चाहिँ झगडा भाको थियो होला ?

उत्तरः खै के कुराले गर्दा म त सानो थिएँ त्यतिबेला, त्यति जानकारी पनि छैन, करफ्यु सम्म लागेको थियो अनि काजियालाई तोडफोड गरे । त्यतिबेर त त्यो हाम्रो मोहरम पनि भाको थिएन, करफ्यु  नै लागेको त्यतिबेर । अहिले माहोल एकदम राम्रो छ ।

प्रश्नः ए हजुर ।

उत्तरः होली मनाउँछन् नि पानी हाल्ने गर्छन् तर हाम्रो मुस्लिम भाइहरूले पनि नमाज पढ्न जान्छन्, अब दिनमा त नमाज पढ्न जान्छन् ५ टाइमको नमाज पढ्नु पर्यो, जेन्टसहरुले केटाहरुले त मस्जिदमा नमाज पढ्न जान्छन् त्यतिखेर पहिलेदेखि सूचना दिन्छन् कि तपाईहरु धुमधामसँग खेल्नु होला कसैमाथि अनावश्यक रङ्ग नहाल्नु होला, कोही मुस्लिमहरु छन् भने उनीहरुलाई हेरेर राम्रोसँग खेल्नु होला । तर हामीहरु पनि त्यस्तो छैनम के । आफ्नो आफ्नो त्योहार हो, जसरी पनि मनाउने जे गर्ने राम्रोसँग मनाउँछन् । अहिलेसम्म केही त्यस्तो भा छैन ।

प्रश्नः हजुर, त्यसोभए मुस्लीम समाजमा नै थ्रेटहरु छैननि जस्तै मदरासा फोड्नु अथवा तपाईंहरूको नवाजहरु फोड्नु, तपाईंहरूको फेस्टिवलहरु मनाउनु या मुस्लिम समाज जलाइने एउटा बाहिरी थ्रेट हुन्छ नि त्यस्तो चाहिँ केही छैन होइन त्यसो भए तपाईंहरूको समाजमा ?

उत्तरः हाम्रो मुस्लिममा, हाम्रो इस्लाम धर्ममा, हाम्रो नबि इसा सहालातले के भन्नु भाको छ भने हामीलाई इल्म हासिल गर्नु छ भने हामी चीनसम्म समेत पुग्नु पर्छ रे भनेछन् । हाम्रो जुन इस्लामको प्रवर्तक हाजिर मोहम्मद मुस्वासे असलम हाम्रो नभि उहाँले नै भन्नु भाको छ इल्म हासिल गर्नको लागि , इल्म प्राप्त गर्न शिक्षा प्राप्त गर्नको लागि हामीलाई चाहिन्छ भने हामी चिन सम्म पनि पुग्नुपर्छ । हाम्रो कुरान मा पनि लेखेको छ त्यो कुरा कि हामी जति धेरै इल्म हासिल गर्छौं , जति धेरै शिक्षा हासिल गर्छौं उति नै राम्रो हो । हाम्रो इस्लाममा कुनै बाउन्ड्री छैन कि तिमीले आरबि उर्दू मात्रै पढ्ने वा हाम्रो इङलिस नपढ्ने अरूहरूको भाषालाई नपर्ने भनेपछि हाम्रो नवि असलमलाई नै कति धेरै भाषा पढ्न आउथ्यो । उहाँले नै भन्नु भाको थियो कि तपाईहरु इल्म हासिल गर्नको लागि, शिक्षा हासिल गर्नको लागि जुन ठाउँमा पुग्नु छ , त्यो जमानामा जब हाम्रो नवि असलमले भन्नु भाको थियो । त्यो जमानामा चीन भनेको धेरै ठूलो कुरा थियो, चीनसम्म मान्छे पुग्नै सक्दैन थियो । त्यतिखेर पनि भन्नु भाको थियो चीन सम्म पुग्न इल्म को लागि, शिक्षाको लागि चीन सम्म पनि जानुपर्छ भने जानुपर्छ । अहिले पनि हाम्रो इस्लाममा अथवा हाम्रो कुरानमा त्यस्तो केही छैन । हाम्रोमा त लेखेको छ कि शिक्षा हासिल गर्नुहोस्, धेरैभन्दा धेरै हासिल गर्नुस् शिक्षा । धेरैभन्दा धेरै सबैको नलेज राख्नुपर्छ । जरुरी छ आफ्नै इस्लाम को बारेमा, आफ्नो कुरान हो हफिजको बारेमा, त्यसको साथसाथै दुनियाबी इल्म शिक्षा पनि लिन जरुरी छ ।

प्रश्नः हजुर, मुस्लिम समाजमा चाहिँ बाहिरी थ्रेटहरु त्यस्तो फिल गर्नुभाको छ, बाहिर बाट आउने थ्रेट मुस्लिम समाजलाई ?

उत्तरः हजुर ?

प्रश्नः मुस्लिम समाजलाई बाहिरबाट आउने जुन थ्रेट हुन्छ नि, कति ठाउँमा त्यस्तो देखिन्छ नि, तपाईंहरूको समाजमा चाहिँ बाहिरबाट कसैले दबाब दिने त्यस्तो केही छ ?

उत्तरः नाइ, पहिला पहिला त हुन्थ्यो अब म सानो हुँदा खेरी त्यतिधेरै अब नपढाउने, नपठाउने यता उता तर अहिले त सबजना शिक्षित भइहालेछन् , एकले अर्काको हेर्छन् । अब हाम्रो मुस्लिमहरुमा नै कति धेरै लेडिज केटीहरु नै डाक्टर भाका छन् । केटाहरू त छन् छन् तर कति धेरै लेडिज केटीहरु पनि डाक्टर भाका छन् । कति धेरै हाम्रो नेपालगन्जमा केटीहरु नै डाक्टर भएर हाम्रो मुस्लिममा नै अब सहयोग गरीराछन् नर्सिङहोममा, हस्पिटलमा नर्स छन् । अहिले त त्यस्तो केही पनि छैन सबजना आफ्नो केटीलाई, आफ्नो छोरीलाई, बहिनीलाई सबलाई पढाउँछन् ।

प्रश्नः ए हजुर, त्यसोभए मुस्लिम समाजमा महिलालाई दबाउने कुरा पनि छैन ?

उत्तरः अहिले गाउँतिर हल्काफुल्का छ जस्तै अब महिला हिंसा हुने । जस्तै हुन्छ नि घरको मान्छेहरु पनि अशिक्षित छन्, पढेलेखेको छैनन् अब त्यसमा बुहारी पनि शिक्षा नपाएको तिनीहरुमा चाहिँ अलिकति महिला हिंसा, बाल हिंसा हुन्छ । तर हाम्रो अलिकति यतातिर सहरतिर कोहि त्यस्तो बदमास केटाहरुको हुन्छन् जस्तै नसेडी भयो, अब त कुनै त्यस्तो छैन कि मुस्लिमा नसा गर्दैनन् , आजभोलि को यस्तो सिचुएसनमा त मुस्लिमहरुमा पनि केटाहरु नसा गर्न थालेछन् । एकले अर्काको देखासिकी पनि गर्न थालेछन् । तिनीहरु अब नशामा धूर्त हुन्छन् कोही कोही । अब कोही कोही घरमा अलिअलि एउटा १(२ प्रतिशतमा, तिनीहरू जान्छन् आफ्नो घरमा हिंसा गर्छन् । अब जसको घरमा सबै जना शिक्षित छन्, पढेलेखेको छन् अब बुहारी पनि पढेलेखेको छन् ,छोरी पनि पढेलेखेको छन् अनि सासु ससुरा पनि पढेलेखेको छन् , त्यस्तो घरमा त्यति हुँदैन । अब तर पनि कहिलेकाहीँ यस्तो हाम्रो सहरतिर के देखिएको छ भनेपछि अब जुन घरमा काम गर्नको लागि केटीहरु राखेको हुन्छ नि ।

प्रश्नः हजुर ।

उत्तरः तिनीहरूलाई पढाउन मान्दैनन् , भन्छन यो अब अरूको घरबाट केटी लिएर आएको छु काम गर्नको लागि, यिनीहरुलाई पढेपछि यिनी भागे भने के गर्ने, त्यस्तो भन्छन् । त्यही भएर उनीहरूलाई अलिकति दबाउने गर्छन् । गाउँतिर बाट लिएर आउँछन् काम गर्नको लागि, तिनीहरूलाई पढाउँदैनन् । अरुलाई त त्यस्तो छैन, गाउँतिर अलिअलि गएपछि, म फिल्डमा गएपछि एउटा दुइटा केसहरु त्यस्तो आउँछ हिंसाको बारेमा ।

प्रश्नः हजुर ।

उत्तरः जुन कि अब जस्तै गाउँतिर रक्सी खाएर कुटपिट गर्ने अनि त्यस्तै त्यस्तै हो ।

प्रश्नः हजुर ।

उत्तरः हेलो ?

प्रश्नः हजुर, तपाइको कुरा सकेको हो ?

उत्तरः हजुर ।

प्रश्नः ए म त अझै केहि भन्न आट्नुभयो कि भनेर पर्खीरा । हजुर तपाई चाहिँ अहिले कहाँ बस्नुहुन्छ ? तपाई बस्ने ठाउँ शहर हो ?

उत्तरः हजुर, नेपालगंज उपमहानगरपालिका वडा नम्बर ४ ।

प्रश्नः हजुर, त्यसो भए तपाईंको त्यहाँ चाहिँ शहर नै भन्नु हुँदोरहेछ ।

उत्तरः हजुर ।

प्रश्नः शहर नै हो है ? म नेपालगञ्जनै आको छैन त्यसैले ?

LOOM

उत्तरः मेन केन्द्रविन्दु शहर नै हो मेरो त ।

प्रश्नः हजुर ।

उत्तरः नगरपालिका पनि नजिकै छ मेरो । भेरी हस्पिटलमा पनि नजिकै छ ।

प्रश्नः हजुर ।

उत्तरः अनि आँखा अस्पताल पनि नजिकै छ, सबै नजिकै नजिकै छ मेरो घरको ।

प्रश्नः ए हजुर, तपाई त्यही ठाउँमा नै हुर्किनुभयो, जन्मिनु भयो ?

उत्तरः हजुर त्यही ठाउँमा ।

प्रश्नः ए, अनि एउटा कुराचाहिँ मलाई जान्न मन लागेको, तपाईंको परिवार सुशिक्षित हुनुहुन्छ तपाई पनि अगाडि बढी सक्नुभएको एकजना महिला हुनुहुन्छ, अनि के यो अवसर तपाईंको आमा माया हजुरआमा पनि उत्तिकै थियो ? यो जसरी तपाईंले सपोर्ट पाइ राख्नुभएको छ, के उहाँहरुलाई पनि त्यस्तै थियो कि के फरक छ तपाईंको जेनेरेसन र आमाको जेनेरेसनमा ?

उत्तरः मेरो हजुरआमा पढ्नु भएको थिएन तर मेरो ममी पढ्नुभएको थियो । मेरो ममी सानैमा उहाँको ममी बित्नुभयो तर उहाँको पनि अलिकति ममी नभएपनि बुवा, बुवा भन्दा नि मेरो ममीको हजुरबुवा जुन हुनुहुन्थ्यो उहाँले आफ्नै जग्गामा स्कुल खोलाउनुभयो, एउटा मदरासा जस्तै खुलाउनु भयो । अनि त्यहाँ घोण्डाबाट एउटा टिचर ल्याउनुभयो हिन्दी पढाउनको लागि, इङलिस पढाउनको लागि । पहिला पहिला पनि मदरासा नै थियो ममिको बेलामा । अनि एउटा कहाँबाट खोजेर त्यही आफ्नो जग्गा दिएर त्यसैमा मदरासा बनाएर अनि खै कता बाट एउटा टिचर ल्याउनुभयो, इङलिस पढाउने टिचर । मेरो ममी पनि इङलिस जान्नुभाछ । धेरै त पढ्नु भाछैन तर पहिला मैले भने नि पहिला पहिलाको मदरासा हरुमा १ क्लास, २ क्लास हुन्थेन के, सबले त्यसैमा पढ्न पाउँथे, एउटै ठाउँमा बसेर जल्ले जुन किताब भ्याउँछ भ्याउँ, अर्को किताब किन, फेरी अर्को किताब भ्याउँ, फेरी अर्को किताब किन, त्यस्तो हुन्थ्यो ।

प्रश्नः ए हजुर, अहिले चाहिँ फरक छ ?

उत्तरः अहिले त फरक छ । अहिले त यस्तो छ, एउटा क्लासमा एउटा मात्रै सब्जेक्ट पढ्न मिल्छ । जस्तै एउटा उर्दू किताब छ भने त्यो एक वर्षमा त्यही पढ्ने हो । अनि पहिला पहिला मेरो पालामा पनि मदरसा पढ्दा खेरि, म जति छिटो एउटा किताब भ्याउँछु अर्को किताब फेरि पढ्न पाउँछु, त्यस्तो थियो । मेरो ममीको पालामा पनि त्यस्तै थियो । ममीले भन्नुहुन्छ, म पढ्दाखेरि एउटा किताब छिटो भ्याए पछि अर्को किताब फेरि लिएर आउँथे, फेरी अर्को किताब पढ्थे । एक वर्षमा ३(४ वटा उर्दूको किताब सिध्याइदिन्थे भन्नुहुन्छ ।

प्रश्नः हजुर ।

उत्तरः अहिले त एक वर्षमा एउटा किताब मात्रै पढाउनुहुन्छ ।

प्रश्नः ए हजुर ।

उत्तर: त्यतिखेर मेरो ममीको हजुरबुवाले स्कुल जस्तो एउटा मदरासा जस्तो खोलेर त्यहि टोलको सबैलाई पढाउनुभयो । मेरो ममी घोण्डाको हुनुहुन्छ, घोण्डा इन्डियाको हुनुहुन्छ ।

प्रश्न: हजुर ।

उत्तर: घोण्डा भन्ने ठाउँ छ सहर नै हो, त्यहाँको हुनुहुन्छ । ममी पढ्नु भयो तर मेरो हजुरआमा पढ्नु भाथेन । मेरो हजुरबुवा त पढ्नु भाको धेरै तर हजुरआमा पढ्नु भाथेन ।

प्रश्न: ए हजुर ।

उत्तर: त्यो जमानामा मेरो हजुरआमाको बुवा जुन हुनुहुन्थ्यो उहाँ पनि मौलाना हुनुहुन्थ्यो तर पनि आफ्नो छोरीलाई पढाउनु भएन । भन्नुहुन्छ कि मेरो बुबाले मेरो ममीलाई मेरोमा नानाले भन्नु भो  पढ्नुस् तर मेरो ममि पढ्न उहाँको इच्छा थिएन के त्यही भएर पढ्न सक्नुभएन । पहिलापहिला जमानामा त कहाँ अब २(४ जाना मात्रै आफ्नो छोरीलाई पढ्न पठाउनु हुन्थ्यो । अब सबैजनालाई हेरेपछि मान्छेको इच्छा जाग्छ के, ए उसको छोरी पढ्न लागेको छे, उसको छोरी पढ्छे, उ पढ्छे, मेरो साथी पढीराछ, म पनि पढौं जस्तो हुन्छ । त्यतिखेर त एउटा दुईटा मात्रै जान्थे अरु घरमै बस्थे अनि सानैमा बिहे पनि भइहाल्थ्यो, आजभन्दा करिब सय वर्षको कुरामा ।

प्रश्न: हजुर ।

उत्तर: अहिले मेरो ममीको उमेर नै ७५ वर्ष भइसक्यो ।

प्रश्न: हजुर, उहाँले बाहिर यसतो कामहरु गर्नु भाथ्यो, जबहरु लिनु भाथ्यो ?

उत्तर: मेरो ममी ?

प्रश्न: हजुर ।

उत्तर: मेरो ममीको माइजु जुन हुनुहुन्छ, अहिलेपनि प्रिन्सिपल हुनुहुन्छ पीलीभीतमा । बरेली तिर छ पीलीभीत, अनि मेरो ममीको मामा हुनुहुन्छ उहाँ फरेष्ट गार्ड हुनुहुन्छ ।

प्रश्न: ममीको ?

उत्तर: ममीको मामा ।

प्रश्न: ममीको पनि मामा ?

उत्तर: अ, फरेष्ट गार्ड हुनुहुन्छ अनि ममीको दुईजना माइजु हुनुहुन्छ, अनि दुवैजना माईजुहरू प्रिन्सिपल हुनुहुन्छ । अनि ममीको माइजूको छोरा फेरी मुम्बाईमा हिरो छ, अहिले नाम थाहा भएन उसको । अनि ममीको माइजुको छोरी फेरि त्यहाँ दिल्लीमा, रुबि नाम छ वहाँको, न्यायाधीशको पोस्टमा छिन् ।

प्रश्न: ए हजुर ।

उत्तर: उसको हस्बेन्ड फेरि डाक्टर छ ।

प्रश्न: हजुर ।

उत्तरः ममि तिरको धेरै छन् नि । मेरो बुबाको तिरको कोही पनि त्यस्तो छैनन्, मेरो ममी तिरको छन् , ठुलो ठुलो पोस्टमा छन् सबैजना ।

प्रश्नः ए हजुर, तपाइको आमा चाहिँ भारतीय नागरिक हो कि नेपाली नागरिक हो ?

उत्तरः मेरो ममी भारतीय नागरिक हुनुहुन्छ । तर अब त बिहे भइसकेपछि नेपालकै नागरिक हुनुहुन्छ ।

प्रश्नः ए हजुर, अनि अर्को कुरा चाहिँ के थियो भने तपाईंको प्रिन्सिपल भएको एक्सपेरियेन्सहरु के के छ ?

उत्तरः म प्रिन्सिपल हुँदाखेरि मलाई तीनवर्ष सम्म कटाउन पनि बहुत दुःख भयो । मेरो यो हुनत समुदायको सबैले सहयोग गर्थे तर यस्तो थियो के, बिहान देखि साँझसम्म म प्रिन्सिपल भएपछि यस्तो मलाई मेहेनत गर्नुपर्यो त्यो स्कुलमा । अब लाईट देखि बत्ती पानी अनि सबैको कस्तो तलब दिनुपर्छ, कल्लाई के दिनुपर्छ सबै कुरा मेरो माथि थियो । फेरि मेरो जुन मदरासा थियो मदरासामा १० वटा दुकान थियो । धम्बोझी चोकमै दुकान छ त्यो, मदरासाको नाममा १० वटा दोकान छ, सटर त्यो भाँडामा दिनुपर्छ । यो भाँडा पनि मैले उठाउनु पर्थ्यो त्यसको रसिद पनि काटेर दिनुपर्थ्यो । फेरी त्यो पैसा पनि मैले बैंक सम्म लगेर जम्मा गर्नु पर्थ्यो ।

प्रश्नः हजुर ।

उत्तरः अनि त्यसपछि टिचारलाई हेन्डल गर्न त केही गार्हो थिएन, बच्चाहरूलाई हेन्डल गर्न पनि केही गार्हो थिएन । तर मलाई त्यही मेरो समुदायको मान्छेहरु मतलब मेरो मदरासाको सबैजना जति व्यवस्थापन समितिमा थिए, तिनीहरूले मेरो माथि यति विश्वास गर्थे कि मलाई नै सबै काम भन्नुहुन्थ्यो । विश्वासले गर्दा भन्नुहुन्थ्यो कि केले गर्दा भन्नुहुन्थ्यो, यो पैसा जम्मा गर्दिनुस् त्यो पैसा जम्मा गर्दिनुस, सबै कुरा मेरो हातमा थियो । म यति परिसान भइहालेथे कि अहिले त्यो नभनी छोडी हाले । पछि पछि सबैले भने किन छोड्नु भयो, तपाईंको तलब कम भयो कि के भयो भन्नु पनि भएन तपाईंले किन छोडी राख्नु भाछ । मैले भने, नाइ अब मलाई पढाउन मनै छैन, म पढाउदै पढाउदिन । फेरी म नाइ पनि भन्न सक्दिन, कसैको काम अहिलेसम्म नाइ नै भन्न सक्दिन । बरु आफ्नो काम साइडमा राख्छु, अरुले यो काम छ गर्दिनु पर्यो भनेपछि म त्यसैको काम पहिला गर्छु आफ्नो काम साइडमा राख्छु । मेरो यो खै के बानी हो ।

प्रश्नः हजुर ।

उत्तरः नाइ पनि भन्न सक्दिन त्यतिखेर सबैको काम गर्नुपर्थ्यो अनि पूरै स्कुल, मदरासामा चाहिँ सबैले हेरिदिनु पर्थ्यो । अनि पछि पछि मेरो घरमा पनि अब केटीमान्छे बिहान देखि साँझसम्म के गर्छेस् स्कुलमा, यति काम तेरो माथि लोड छ, त्यति पनि गर्न राम्रो हुँदैन अनि सेहतको पनि ख्याल गर्नुपर्छ भनेपछि अब मैले सबैले भन्न थाले गाउँघरमा । अब कमसेकम कही एउटा काम गर्छौ साँझदेखि बिहानसम्म एकछिन रेस्ट गर्छौ अफिसमा भएपछि, मजासँग बस्छौं एकठाउँमा जति काम भएपनि, एकै ठाउँमा बसेर काम गर्छ त्यो राम्रो हुन्छ । अब दौडादौड थियो मदरासामा के । मदरासामा फेरि म प्रिन्सिपल त थिए तर प्रिन्सिपल भएर पनि पढाउँथे एउटा सब्जेक्ट मेरो पनि म्याथ थियो, त्यो लिएर म पढाउँथे ।

प्रश्न: ए हजुर, एकदमै बिजिनै हुनुहुन्थ्यो त्यसोभए कुरा सुन्दा ?

उत्तर: एकदम, मेरो मदरासाको नाम मदरासा आहे आहु उलुम थियो, धम्बोझीमै छ, अहिलेपनि छ । तर अहिले मैले छोडे पछि त्यो मदरासानै बन्द भइहाल्यो ।

प्रश्न: ए, बन्द नै भयो ?

उत्तर: बन्द नै भयो । त्यही भएर सबले मलाई भन्छन तिमीले किन छोडेउ त्यो ।

प्रश्न: ए, कोही असिस्टेन्टहरु त्यस्तो राख्न मिल्दैन थियो ?

उत्तर: नाइ राख्न त राख्नुभयो व्यवस्थापन समितिहरुले राख्नुभयो तर त्यो चलाउनै सक्नुभएन ।

प्रश्न: ए हजुर ।

उत्तर: अहिले पनि मदरासा त छ तर ताल्चा लागेको छ अहिले ।

प्रश्न: ए हजुर ।

उत्तर: फेरि बोलाइराछन्, आउनु आउनु भनेर भन्छन् । अस्ति त मेरो अफिस फातिमा फाउन्डेसनमा नै आका थिए त्यहाँका मान्छेहरु कि किन छोड्नु भयो, तपाईलाई नलेज थियो, अब यति दिनसम्म चलाउनु भाको थियो, बरु पैसा कम छ भने हामी मिलाउला भने । मैले भने अब म पढाउदिन, मेरो मन भरियो पढाईले ।

प्रश्न: हजुर ।

उत्तर: सानैदेखि त म पढाको पढाए, कहिले दुर्गममा पढाउँछु कहिले क्लासमा पढाउँछु कहिले सुपरभाइजरको भिजिट गर्दा त्यहाँ क्लास लिन्छु, फेरी ट्रेनर भएर पनि तालिम देको कति पढाउने । त्यही भएर मैले अब नपढाउने भनेर मन गरे ।

प्रश्न: हजुर, तर पनि त्यही छ्या कायम गर्नलाई त अहिले पनि १ घण्टा जति चाहिँ पढाउनुहुन्छ ?

उत्तर: त्यो त पढाउँछु ।

प्रश्न: हजुर, अनि अर्को यो फतिमा फाउन्डेसन चाहिँ कसरी आयो तपाईंको लाइफमा भनम न ?

उत्तर: यो फतिमा फाउन्डेसन नेपाल, म रुपेडिया गाथे एकचोटी अनि त्यहाँबाट म फर्कीराथे । अनि त्यहाँ एकजना हाम्रो क्रिश्चियन मान्ने साथीसँग भेट भयो त्यस्तै बाटो हिँड्दा हिँड्दै, म पनि साईकलमा थिए उँहा पनि साइकलमा हुनुहुन्थ्यो । अनि भेट भयो, अनि उहाँले भन्नुभयो कि तपाईले अहिले के गर्नुहुन्छ । मैले भने म फर्स्ट यर पढ्दैछु, यहाँहरूको एरियामा आथे यस्तै आथे घुम्नको लागि । मेरो एउटा साथी थियो त्यस्तै गथे, साईकलबाट गइहाले रुपेडिया । मेरो घरदेखि मतलब नेपालगन्जदेखि रुपेडिया नजिकै छ, आधा घण्टाको बाटो छ । अनि उताबाट फर्किने बेलामा मैले भने म साथीका गाथे भेट गर्न आज बिदा थियो । अनि उसले भन्यो, तपाईं फर्स्ट यर पढ्दै हुनुहुन्छ नि केही जब त गर्नुहुन्न नि । मैले भने, के जब गर्ने, मेरो उमेर पनि १५(१६ वर्षको थियो त्यतिखेर । १५ वर्षको जति थियो अनि मैले भने के गर्ने

। तर मलाई एकदम लगाव थियो के, काम गर्न एकदम लगाव  थियो । अनि मैले भने, छ भने त्यस्तो केही भन्नुस् । अनि उनले भन्नुभयो, नारी कल्याण समाजमा एउटा जब खुलेछ पढाउनको लागि, त्यस्तै बाल क्लासहरु पढाउँछन् नि त्यस्तै । उसले भन्यो, नारी कल्याण समाजमा एउटा बाल शिक्षाको लागि खुलेछ, पढाउनुहुन्छ । त मैले भने किन पढाउदिन, पढाउँछु तर मलाई नारी कल्याण समाज थाहा नै छैन । उसले भन्यो, जाम न त म बताइदिन्छु कहाँ छ । म त्यहाँ गए, बाँके गाउँमा रहेछ । अनि त्यहाँ गएपछि मेरो परिचय लिनुभयो । परिचय भएपछि इन्टरभिउ लिनुभयो त्यही दिन । अनि भन्नुभयो, ठिक छ तपाईं सेलेक्ट हुनुभयो अनि तपाईं अब दुई तीन दिन पछि हाम्रो तालिम सञ्चालन हुन्छ, त्यो तालिम लिनुस् त्यसपछि तपाईं पढाउनुहोला । ६ महिनाको थियो त्यो अनि त्यहाँ पढाउँदापढाउँदै मेरो फातिमा फाउन्डेसन सँग उहाँको मेडम र यहाँको मेडम सँग, फातिमा फाउन्डेसनको मेडम सँग मतलब राम्रै सम्बन्ध थियो, आइ गइ राख्नुहुन्थ्यो त्यहाँको सदस्य हुनुहुन्थ्यो, हाम्रो मोहम्मद सिद्दिकी जि । अनि त्यहाँ हेर्नुभयो अनि भन्नुभयो मुस्लिम केटी हुनुहुन्छ, राम्रै पढाइराख्नु भा छ । अनि सबै कुरा सोध्नु भो मैले भने, म पनि त्यही नजिकै, उहाँको फातिमा फाउन्डेसन नेपाल पनि लेनिमा छ, मेरो घर पनि लेनिको नजिकै छ  मैले भने । उहाँले भन्नुभयो, त्यसो भए मेरो पनि अब यो इस्लाममा आधारित महिला अधिकार छापिँदै छ, मैले पनि पाछु एउटा प्रोजेक्ट छ यो पढाउँनु होला । मैले भने, हुन्छ म पढाउँछु । अनि त्यसमा पनि तीन महिनाको थियो, इस्लाममा आधारित महिला अधिकारको बुक थियो अनि त्यसको बारेमा समूह बनाएर महिलाहरूको त्यहाँ सञ्चालन गर्नुपर्ने थियो क्लास । अनि मैले भने हुन्छ, ओके म्याममा पढाउँछु । अनि त्यहाँ पनि पढाए । पढाएपछि फेरि अफिसमा आउने जाने क्रम पनि जारी भयो । जब पढाउन थाले, कहिले काही मिटिङको लागि आउनुपर्थ्यो, कहिले कापी लिनको लागि आउनुपर्थ्यो, कहिले पेन लिनको लागि आउनुपर्थ्यो, कहिले कलम लिनको लागि आउनुपर्थ्यो, त्यस्तो गर्दागर्दै मलाई फेरि यहीको मेम्बर बनाइदिनुभयो, फातिमा फाउन्डेसनको साधारण मेम्बर बनाइदिनुभयो । यति गर्दा गर्दै फेरि बोर्ड मेम्बर मा पनि ल्याउनुभयो । यताबाट फेरि म फातिमा फाउन्डेसनबाट पनि बाँके युनेस्को क्लबमा,  त्यहाँ पनि मलाई चिन्नु भयो  । अब सबजना यताउता तालिममा जादा खेरि सबैले चिन्ने भए । त्यहाँ पनि मैले सुपरभाइजर को काम गरे, बाँके युनेस्को क्लबमा । अनि महिला सहजकर्ता मञ्चमा पनि सुपरभाइजरको काम गरेथे, बालशिक्षा पढाउने दौरानमा । युनिसेफको कार्यक्रम थियो नगरपालिकाले संचालन गर्थ्यो त्यतिखेर । अनि नगरपालिकाले  नै संघसंस्थाहरुलाई दिन्थ्यो चलाउनको लागि ।

प्रश्नः हजुर, अनि यसमा चाहिँ यो फतिमा फाउन्डेसन सँग काम गर्दाखेरि चाहिँ यदि तपाईले च्यालेन्जेसहरु भोग्नुभयो ?

उत्तरः हेलो ?

प्रश्नः हजुर सुन्नुभाछ ?

उत्तरः हजुर म्याम सुनीराछु ।

प्रश्नः यो फातिमा फाउन्डेसनमा काम गर्दाखेरि चाहिँ तपाईंले के कस्ता चुनौतीहरु भोग्नु भा छ कि छैन ?

उत्तरः चुनौती त म्याम अब बाहिर काम गर्दाखेरि धेरै चुनौती आयो । कहिले उनीहरुको पढ्नै नमान्ने । पहिला सुरुसुरुमा जुन यो इस्लाममा आधारित महिला अधिकार निकाल्नु भयो नि, त्यो किताबलाई लिएर

त यति विवाद भयो, यति विवाद भयो । यो कुन किताब हो, कहाँबाट आको छ, हाम्रो इस्लामको हाम्रो मुस्लिम महिलाहरुलाई भड्काउने किताब हो, कहिले के भन्ने कहिले के भन्ने, समुदायका मान्छेहरु पढ्नै नदिने । नाइ हामी आफ्नो महिलाहरूमा पठाउदैनौ पढ्नको लागि, यो कहाँबाट आयो, यो बाहिरको फण्ड हो, बाहिरको बिदेशी पैसा हो यो हामीले खानुहुँदैन, हामीले यसमा बस्नु हुँदैन, भनेर पछिपछि धेरै अप्ठ्यारो भयो । कुनै कुनै ठाउँमा धेरै अप्ठ्यारो भयो, सबै ठाउँमा त भएन । पछिपछि जबदेखि त्यो किताब पढ्न थाले, मैले त्यो किताब पढी पढी सुनाउन थाले त्यतिबेला बुभ्नुभयो, हो यसमा त राम्रै कुरा लेखेको छ, यसमा त आफ्नै इस्लामको बारेमा कुरा लेखेको छ । सुरुमा हेर्ने बित्तिकै फातिमा फाउन्डेसन त बिदेशी पैसा खान्छ रे , यस्ले त बिदेशी डलर खान्छ, हामीले किन खानुपर्ने हो, यो मुस्लिममा हाम्रो हराम छ भनेपछि धेरै विवाद भयो । पछि त्यो किताबको भित्र के रहेछ जब त्यो बुभ्न थाले अनि मौलानाहरुले त्यसको बारेमा भन्न थाले, होइन यो किताब राम्रो हो, यो किताब पढ्नुहोस् , राम्रो हुन्छ हेर्नुस् यस्मा धेरै कुराहरु हामीले बुभ्ने जस्तो नै लेखेको छ, त्यसपछि मानिसहरु सबले पढे । आफ्नो घरको महिलाहरुलाई पनि पठाउनुभयो ।

प्रश्नः हजुर, त्यो बुकमा चाहीँ के रहेछ त अम्ना जि ?

उत्तरः हाम्रो बुकमा इस्लाममा महिलाहरुलाई के कस्तो अधिकार दिइएको छ, इस्लाममा एकैचोटी तलाख भनेपछि तलाख हुन्छ कि हुँदैन । अनि महिलाले पुरुषसँग कस्तो व्यवहार गर्नुपर्छ, पुरुषले पनि महिलालाई कस्तो व्यवहार गर्नुपर्छ, हामीले इस्लामलाई कस्तो खयाल गर्नुपर्छ, कुन तरिका इस्लाममा छ हामीले जिन्दगी बिताउन को लागि कस्तो कुरा लेखेको छ, त्यही सबै कुराहरु लेखेको छ इस्लाममा ।

प्रश्नः ए ।

उत्तरः इस्लामको कानुन हाम्रो नेपालको कानुन मिलेको जस्तै अलिअलि छ ।

प्रश्नः ए हजुर, अनि यो डिभोर्सको चाहिँ के कुरा लेखेको छ त्यसमा चाहिँ ?

उत्तरः हजुर ?

प्रश्नः डिभोर्सको बारेमा के कुरा लेखेको छ त्यसमा ?

उत्तरः डिभोर्सको बारेमा पनि राम्रै कुरा लेखेको छ । जस्तै हाम्रो चलनचल्तीमा भन्छन् नि, अब कोही एकदम रिसमा छन् अनि भन्दे जाउँ मैले तिमीलाई तलाक दिए, तलाक दिए, तलाक दिए, त्यतिखेर त्यो तलाक मान्नुहुँदैन, यो किताबमा लेखेको छ । तलाकको पनि प्रोसेस हुन्छ । अलि बुझेर सम्झेर अनि सिचुएसन हेरेर मात्रै तलाक दिनुपर्छ । अब एकैचोटी झोकमा आएर मान्छेले रिसमा जाउ मैले तिमीलाई छोडी दिए तलाक दिए, तलाक दिए, तलाक दिए भनेपछि तलाक हुँदैन भनेर यस्ता कुराहरु लेखेको छ । तर हाम्रो विचार र महिलाहरुलाई थाहा हुदैन । तिनीहरूलाई लोग्नेले भन्यो, तलाक दिए, तलाक दिए, तलाक दिए अनि तिनीहरू बिचारा रूदारूदै घरबाट बाहिर निस्की हाल्छन्, मलाई तलाक दियो भनदिन्छन् । तर त्यस्तो तलाक हुँदैन के, त्यसको पनि प्रोसेस हुन्छ । कति कति महिनाको दौरानमा जेहोस् तलाक दिनुपर्छ ।

प्रश्नः ए हजुर, अनि यो पुरुषले महिलालाई गर्नुपर्ने जुन बिहेबियर छ नि, हो त्यसको बारेमा चाहिँ के लेखेको छ त्यसमा ?

उत्तरः त्यसमा यस्तो लेखेको छ कि हाम्रो नवि इसा असलम हुनुहुन्छ नि हाम्रो प्रवर्तक नवि इसा असलम उहाँले भन्नुभाछ कि जस्तै घरको महिलालाई हामीले नौकर जस्तो व्यवहार गर्नुहुँदैन । उसको सुख दुःखमा पनि हामीले साथ दिनुपर्छ । जस्तै ऊ बिरामी छ भने मैले पनि घरको काम गरिदिनुपर्छ । उसलाई केही अप्ठ्यारो परेको छ भने मैले पनि उसलाई सहयोग गर्दिनु पर्छ । त्यस्ता कुराहरु लेखेको छ तर हाम्रो सामाजमा कोहीकोही त्यस्ता मान्छेहरु हुन्छन् कि महिला भनेपछि त अब घरको सबै काम यसैले गर्ने, चाहे जस्तो गरोस्, मरेर गरोस् या जिएर गरोस् , जस्तो छ त्यस्तै गरोस् तर मैले काम गर्न हुँदैन । तर हाम्रो इस्लाममा त्यस्तो छैन, इस्लाममा के लेखेको छ भनेपछि महिलाले पुरुषलाई सहयोग गर्नुपर्छ, पुरुसले महिलालाई सहयोग गर्नुपर्छ ।

प्रश्नः हजुर, अनि यो किताब तपाईले पढाएपछि चाहिँ कस्तो खालको परिवर्तन आएको या नआएको जस्तो लागीराछ तपाईलाई ?

उत्तरः परिवर्तन त अहिलेसम्म नै त्यो परिवर्तन देखिरहेको छ । किनभने जुन ठाउँमा त्यो क्लास मैले चलाथे पहिला अहिले पनि त्यही ठाउँमा म काम गर्न गईराको छु । त्यहाँको मान्छेहरुले मलाई यति सपोर्ट गरेछन् , त्यहाँको आइमाईहरु ले मलाई बहुत सपोर्ट गरेछन् । हा बहिनी तुम तो आइके पढावत राहो, बहुत अच्छा किताब लेके आइराहो भन्छन् के अब, धेरै मान्छन् । हा बहुत अच्छा किताब राहे, अहिलेपनि कोहीकोही त भन्छन, या आइहे हम्री बुहारी आइहे यस्तो किताब अगर होइ तो ल्याईदेउ भन्छन् । अहिले त तिनीहरूको पछिपछि भएर उनीहरुले अब हो यो चिज त राम्रो रहेछ, यो किताब पनि राम्रो छ , यिनीहरूले जुन किताब संचालन गरेछन् त्यो त राम्रै थियो भनेर अब बुझ्नेछन् ।

प्रश्नः ए हजुर, यो चाहि मुस्लीम समाजमा मात्रै पढाउँनु पर्ने हो कि हिन्दुहरुलाई पनि हो ?

उत्तरः मुस्लिमहरुलाई मात्रै पढाउनु पर्ने थियो ।

प्रश्नः ए हजुर ।

उत्तरः कुनैपनि मुस्लिमले त्यतिखेर आफ्नो अधिकार के हो त्यसको बारेमा नै उनीहरूलाई थाहा थिएन ।

प्रश्नः ए हजुर ।

उत्तरः आफ्नो अधिकारको बारेमा थाहा थिएन । हाम्रो इस्लाममा के अधिकार छ, मुस्लिममा महिलाहरूको अधिकार के छ, मुस्लिम मा पुरुषको अधिकार के छ, त्यसको बारेमा नै उनीहरूलाई जानकारी थिएन । अब जानकारी नभएपछि महिला हिंसा हुन्छ ।

प्रश्नः हजुर, अनि फतिमा फाउन्डेसनले अरु के(के गर्छ आम्ना जि ?

उत्तरः फातिमा फाउन्डेसनले महिला तथा बालबालिकाको लागि काम गर्छ । जस्तै हिंसामा परेको बालबालिकाहरू, बाल विवाह न्यूनीकरण, जस्तै राहतहरु जस्तै कोही त्यस्तो केही छ घटना भएपछि तिनीहरूलाई उद्धार गर्ने । अनि कोही त्यस्तो डिभोर्सको केस छ अथवा कोही महिला हिंसाको केस छ भने

पहिला त हामी हाम्रो आफिस फातिमा फाउन्डेसन देखि नै सुझाउने काम गर्छौं, सल्लाह सुझाब दिन्छौ यस्तो यस्तो गर्नुस् , मिलाउने उसमा लाग्छौ । भएन भने हामी महिला तथा बालबालिका कार्यालयमा यो कुरा पठाइदिन्छौ ।

प्रश्नः हजुर, अनि आम्ना जि यो तपाईंको समाजमा चाहिँ नि तपाई एकदमै यङ हुनुहुन्छ अनि महिला हुनुहुन्छ अनि तपाईंले पढाई पनि राख्नुभएको छ अनि फातिमा फाउन्डेसनमा पनि काम गरिराख्नु भएको छ, यसको सिग्नीफिकेन्स हुन्छ नि, यसको कति सिग्नीफिकेन्स लाइक महिला हुनु, मुस्लिम कम्युनिटीमा यसरी काम गर्नु भनेको चाहिँ कति ठूलो कुरा हो जस्तो लाग्छ तपाईलाई ?

उत्तरः पहिला पहिला त धेरै चुनौती थियो । तर अहिले जब यो फातिमा फाउन्डेसन नेपालले आफ्नो संस्थामा सबैजना जस्तै हाम्रो यो फातिमा फाउन्डेसन नेपालमा मुस्लिम केटीहरु पनि छन् अनि हाम्रो मधेसी केटी छन्, नेपाली दिदीबहिनीहरु पनि छन् । अब सबैजना मिलिजुलि काम गर्छन्, यतिखेर हाम्रो त्यस्तो केही छैन । तर सुरुमा हाम्रो बोर्ड मेम्बरमा पनि कोही बस्न मान्थेनन् । नाइ हामी त बोर्ड मेम्बरमामा बस्दैनम् भनेर भन्थे । अनि त फातिमा फाउन्डेसन अथवा कुनै पनि संघसंस्थामा काम गर्नको लागि मान्थेनन् । अहिले त जुन ठाउँमा पनि, जो ले पनि हाम्रो संस्थामा मेम्बर भएर बस्दिनुस् भनेपछि अब सबजना चासो नै राखेर बसेका हुन्छन् , सब जना बस्न मान्छन् । अहिले त सबलाई राम्रो हुने भाको छ जस्तो कामको दौरानमा पहिलापहिला सुरुसुरुमा हिड्ने बित्तिकै, ए यो त संघसंस्थामा काम गर्ने केटी हु भनेर भन्थे । आजभोलि त एकदम सम्मान पूर्वक, इज्जत पूर्वक सम्मान दिन्छन् । ए बहिनी तपाई त फातिमा फाउन्डेसन देखि आउनु भा छ बस्नुस् बस्नुस् भनेर भन्छन् । अनि दाम्लो बिछ्याई दिने, नास्ता मगाउने, इज्जत गर्ने, सोध्ने अरु कस्तो के छ कस्तो चलिराको छ । हा बहिनी हाम्रो छोरीहरुलाई पनि लग्दिनुस् त्यहाँ फातिमा फाउन्डेसनमा, काम छ भने काममा लगाइदिनुस्, सिलाइकटाइमा पनि गराई दिनुस् भनेर भन्छन् ।

प्रश्नः हजुर ।

उत्तरः अनि हाम्रो फातिमा फाउन्डेसनले सिलाइकटाइ पनि सञ्चालन गर्छ । हस्तकला, मेहेन्दी, बियुटी पार्लर अनि झोला बनाउने तालिम, ब्याद बनाउने तालिम, मेहेन्दी सिकाउने तालिम, सिलाइकटाइ सिकाउने तालिम पनि दिइराको छ ।

प्रश्नः ए हजुर, अनि तपाइकै सामाजको त्यो सामाजिक संरचनाको कुरा गरौ । कस्तो खालको जातजाति,धर्महरु मान्ने मान्छेहरू चाहिँ बस्नुहुन्छ तपाईको समाजमा ?

उत्तरः हाम्रो समाजमा सबै जातजातिका मान्छेहरू बसेका छन् । सब जाना मिलीजुली बसेका छन् त्यसमा केही भेदभाव छैन । हाम्रो संस्थामा पनि सबजना सबै जातजातिका छन्, नेपाली मधेसी समुदायका, मुस्लिम समुदायका । अनि हाम्रो जुन यहाँ सिलाइकटाइ सेन्टरमा पनि सबै जातजातिका सबै थरका आउछन् केटीहरु ।

प्रश्नः कस्तो-कस्तो जातजातीको हुनुहुन्छ ?

उत्तरः हाम्रो फातिमा फाउन्डेसन नेपालमा बर्मा हुनुहुन्छ, गुप्ता हुनुहुन्छ, अनि एकजना केवट हुनुहुन्छ, अनि ओली हुनुहुन्छ, अनि त्यस्तैगरी मुस्लिमहरु हुनुहुन्छ, धेरै जना छन् हाम्रो यसमा ।

प्रश्नः हजुर, अनि तपाईंको समाजमा, तपाईंको वरिपरिहरु चाहिँ, छिमेकीहरू ?

उत्तरः पाण्डे छन्, सबै जातका छन् ।

प्रश्नः बहुल्यता चाहिँ कुन जातको छ ?

उत्तरः बहुल्यता त हाम्रो अलि फातिमा फाउन्डेसन नामै भएर अलिकति मुस्लिमहरु धेरै छन् । तर हाम्रो फातिमा फाउन्डेसनमा जुन कर्मचारीहरु छन् नि, उनीहरुमा फेरि म मात्रै छु मुस्लिम कर्मचारी भनेपछि ।

प्रश्नः ए, अरू चाहि हिन्दु हुनुहुन्छ ?

उत्तरः अरु सबै हिन्दु छन्, हिन्दू र नेपाली छन् ।

प्रश्नः ए, त्यसमा तपाईंले केही भेदभावहरु त पाउनु भा छैन ?

उत्तरः मेम्बरमा चाहिँ एक दुईजना तलमाथि भाका छन् तर यो काम गर्ने सिलसिलामा जुन जति फिल्डमा हाम्रो कर्मचारीहरु खटिएका हुन्छन् , तिनीहरु मुस्लिम बाहेक नै हुन्छन् । मुस्लिम मा १(२ जना मात्रै पर्नुहुन्छ अरु सबै जातजातिका हुन्छन् ।

प्रश्नः ए हजुर, तपाईंको छरछिमेकीहरु मा चाही कुन जातको बहुल्यता छ ?

उत्तरः जुन ठाउँमा मेरो घर छ त्यो ठाउँमा मुस्लिम अनि मधेसी मात्रै छन् , पहाडी छैनन् । कोही पनि छैन मेरो नजिकमा, पहाडी कोही पनि छैनन् ।

प्रश्नः हजुर, अनि एकदमै यो सोसल हार्मोनी चाहिँ कायम गरेर बस्नुभएको समाज छ ?

उत्तरः हजुर ?

प्रश्नः यो सोसल हार्मोनी भन्छन् नि, लाइक सामाजिक सद्भावना ।

उत्तरः एकदम सामाजिक सद्भावना नै कायम भएको हुन्छ किनभने जुनसुकै तिहार चाडपर्व आउनुभन्दा पहिला नै हाम्रो सामाजिक सदभावको एउटा मिटिङ्ग बसालिन्छ । मिटिङ्गमा हामीले के गर्ने, कस्तो गर्ने अब जस्तै हाम्रो मोहरममा, मोहम्मद डे मा एउटा कमिटी गठन गरेको हुन्छ । तिनीहरूले पानी खुवाउने, बाटो सफा गराइदिने अनि मिलिजुली एकदम मिलेर नै मनाइ राको हुन्छन् सबैजना ।

प्रश्नः ए हजुर ।

उत्तरः सामाजिक सदभावको हाम्रो समिति नै गठन भाको छ ।

प्रश्नः ए हजुर ।

उत्तरः त्यसमा म पनि जान्छु ।

प्रश्नः ए हजुर, अनि यो मधेश मुभमेन्ट जुन भयो नि तीनवटा अहिलेसम्म, त्यसको बारेमा तपाइलाई थाहा छ ?

उत्तरः मधेश मुभमेन्ट ?

प्रश्नः हजुर, त्यसमा तपाईंको केही एक्सपेरिऐन्स छ आम्ना जि ?

उत्तरः नाइ म्याम यसको बारेमा अलिकति धेरै छैन ।

प्रश्नः ए हजुर, अनि तपाईंको काकी भन्नुभयो नि, उहाँ अहिले एकल महिला हुनुहुन्छ ।

उत्तरः मेरो अन्टी, हजुर ।

प्रश्नः उहाँ चाहि अब एकल महिला भएको त्यो माथि मुस्लिम मधेसी हुनुभएकोमा, उहाँले केही अप्ठ्यारापनहरु केही त्यसतो भोग्नुभयो जस्तो लाग्छ ?

उत्तरः हजुर ?

प्रश्नः मेरो प्रश्न सुन्नुभयो ?

उत्तरः जस्तै उहाँ एकल हुनुहुन्छ भनेपछि के भन्नुभयो ?

प्रश्नः एकल महिला त्यसमाथि मुस्लिम र मधेसी हुनुहुन्छ ।

उत्तरः हजुर ।

प्रश्नः अनि उहाँले चाहि तपाइको नजरमा, तपाईंले देखि अनुसार या तपाईंसँग केहि सेर गर्नुभए अनुसार उहाँले केहि दुख भोग्नुभयो जस्तो लाग्छ तपाईलाई ?

उत्तरः नाइ म्याम त्यस्तो त छैन, अब उहाँको एउटा छोरा छ । दुइटा छोरीको बिहे गरिसक्नु भयो । अनि त्यसपछि फेरि उहाँको घर, जग्गा, जमिन प्रशस्तै छ, मज्जाले बस्नुभाछ । अब उहाँको फेरि सपोर्टमा उहाँको २(३ जाना दाई हुनुहुन्छ, ममी हुनुहुन्छ । अब मेरो घर पनि छेउमै छ, अगल बगल छ मतलब पूर्वपश्चिमै छ उहाँको घर मेरो घर । आगन पनि एउटै छ अहिलेसम्म ।

प्रश्नः ए हजुर ।

उत्तरः त्यस्तो केही पनि छैन । एकदम खुशी सँग बसेछन् अब सब समुदायको मान्छेहरुले पनि राम्रो मान्छन्, उनीहरुलाई पनि सब जनाले राम्रो मान्छन् । त्यस्तो केही छैन ।

प्रश्नः ए हजुर ।

उत्तरः बरु हामी भन्दा पनि उहाँलाई राम्रो मान्छन् ।

प्रश्नः ए ।

उत्तरः मेरो घरको मेरो बुवा, मेरो ममी, म, हामीहरु छम् नि, हामीहरु भन्दा पनि उहाँहरुलाई धेरै राम्रो मान्नुहुन्छ । किन मान्नुहुन्छ भनेपछि उहाँले अब श्रीमान् त छैन तर बिहे गर्नुभयो, फुर्सत पाईहाल्नुभयो । अब मेरो बुवालाई भन्नुहुन्छ, उहाँले त पढाउनुहुन्छ, पढाउनुहुन्छ, पढाउनुहुन्छ छोरीलाई बाहिर निकाल्नु हुन्छ, बिहे कहिले गर्नुहुन्छ, भनेर भन्नुहुन्छ ।

LOOM

प्रश्न: हजुर ।

उत्तर: त्यस्तो पनि भन्नुहुन्छ ।

प्रश्न: ए हजुर ।

उत्तर: मेरो अन्टीले त गर्दिनुभयो, दुइटा छोरीको बिहे गर्दिनुभयो । मेरो बुवाले पनि गर्दिनुभयो । मेरो बुवाले के सोच्नु भयो कि, मेरो भाई पनि छैन अब मेरो जिम्मेवारी हो, त्यो पनि मेरो जिम्मेवारी हो भनेपछि उहाँको बिहे गर्दिनुभयो । अब उहाँले भन्नुभयो म पढाउदिन, उनको अब माइतबाट भन्नुभयो की नाइ धेरै नपढाउनुस्, बिहे गर्दिनुस् । अब बुवा पनि छैन त्यही राम्रो हुन्छ भनेर भन्नुभयो । अनि अन्टीले त्यही कुरा मान्नु भयो र भन्नु भयो नाइ । मेरो बुवा जेठाजु पर्नुहुन्छ, उहाँले भन्नुभयो, नाइ अब जति पढ्नेछन् ठिकै छ, अब इस्लामको बारेमा पनि धेरै कुरा जाने छन्, अब एस.एल.सी पनि पढिसकेको छन् अब के गर्ने, बिहे गर्दिनु बुवा पनि छैन कतै केही भने अप्ठ्यारो हुन्छ भनेर भन्नु भो मेरो बुवाले । मेरो बुवाले भन्नुभयो, ठिकै छ उहाँको छोरी हो, मैले कर पनि गर्न भएन अब सायद भाइ भएको भए अलिकती उहाँलाई सम्झाउनु हुन्थ्यो पढाउनु पर्छ, अहिले पनि पढाउनुस् त्यति उमेर पनि भाछैन भनेर । अब २० वर्ष भइसक्नुभयो, २ जाना छोरा छोरी जन्मिई सकेछन् ।

प्रश्न: हजुर ।

उत्तर: त्यही भएर समाजले उहाँलाई राम्रै मानेछन् , त्यस्तो केही पनि भन्या छैनन् । भन्छन्, राम्रो गर्नु भएछ दुइटा छोरीको बिहे गर्दिनुभयो । नेपालगन्जमै छन् दुइटै छोरीहरु । अब एउटा छोरा अब उसको पनि बिहे गर्छन् ।

प्रश्न: हजुर, अनि अम्ना जि तपाई कतिवटा भाषा बोल्नुहुन्छ ?

उत्तर: म अलिअलि इङलिस बोल्छु, अनि आहुति बोल्छु, अनि उर्दू पनि जानेछु, नेपाली पनि जानेछु, अनि हल्का हल्का थारु पनि आउँछ । अनि मेरो समाजमा दुईचारजना बिहारका छन्, हिन्दुस्तानका बिहारको इन्डियाका छन्, तिनीहरूको पनि अलिअलि भाषा बोलिहाल्छु । अनि यतातिर नेपालगन्जमा अर्घाखाँची छ नि ।

प्रश्न: हजुर ।

उत्तर: अर्घाखाँची सुन्नु भाछ ?

प्रश्न: हजुर सुनेको छु ।

उत्तर: जिल्ला हो, त्यहाँको पनि मुस्लिम छन् । तिनीहरू मेरो घरमा पढ्न आउँछन् । उनीहरुले त नेपाली बोल्दैनन् ,अर्कै किसिमको नेपाली बोल्छन् ।

प्रश्न: अर्के किसिमको नेपाली ?

उत्तर: अर्कै किसिमको नेपाली बोल्छन् के ।

प्रश्न: कस्तो खालको चाहिँ होला ?

उत्तरः तु खायो, तु जाति,जिन्खा, जिन्सु भन्छन् । तु खाति, भोला भन्छन् भोलिलाई ।

प्रश्नः ए अ ।

उत्तरः यस्तो यस्तो भन्छन । तिनीहरूको पनि जानेछु ।

प्रश्नः ए अ, अनि तपाई एकदमै प्रयोग गर्नुहुने चाहिँ कुन कुन भाषा भयो ?

उत्तरः मैले प्रयोग गर्ने भाषा भनेपछि कि त नेपाली कि त आहुति, दुईटा मात्रै । अफिसमा आएपछि नेपाली बोल्छु, फिल्डमा गएपछि आहुति बोल्नुपर्छ त्यहाँ । त्यहाँ त फिल्डमा अब तिनीहरूसँग नेपाली बोलेर काम नै छैन ।

प्रश्नः हजुर, तपाईंको नि मदर टंङ चाहि कुन पर्यो ?

उत्तरः मदर टंङ मेरो फेरी आहुति नै हो ।

प्रश्नः हजुर, अनि तपाईलाई यो भाषाको कुरामा चाहिँ केही भेदभावहरु या केही तरिकाको डिस्क्रिमिनेसन वा सेमहरु गर्ने, केही भयो त्यस्तो एक्सपेरिऐन्स ?

उत्तरः नाइ नाइ त्यस्तो केही पनि भाछैन ।

प्रश्नः केही भाछैन, अनि तपाईंको समाजमा अरुलाई त्यस्तो केही फेस गर्नुभाछ, तपाईले देख्नुभाछ ?

उत्तरः मेरो सामाजमा सबजना आहुति नै बोलेका हुन्छन् । म बाहेक कोही पनि मेरो समाजमा, मेरो समुदायमा, मेरो टोलमा कोही पनि बाहिर निस्केका छैनन् केटीहरु ।

प्रश्नः हजुर ।

उत्तरः पढ्न त पढिराछन् तर त्यो समाजमा जस्तै म फिल्डमा जान्छु, अफिसमा काम गर्छु, त्यस्तो गर्दैनन् ।

प्रश्नः हजुर ।

उत्तरः केटा पनि गर्दैनन् केटी पनि गर्दैनन् । अब अहिलेको जुन मभन्दा २-४ बर्षको कान्छी छन् तिनीहरू, कोही नर्स  पढिराछन्, कोही डाक्टर  पढिराछन् ।

प्रश्नः हजुर, अनि तपाई ट्रेनिङको लागि बाहिर जानु हुन्छ भन्नुभयो, नेपालगन्ज भन्दा बाहिर । त्यतिबेला पनि त्यस्तो समस्या त परेन भाषाको कारणले ?

उत्तरः नाइ नाइ भर्खरको मान्छेले सपोर्ट गर्छन् भने का पर्छ । पहिला पहिला एक दुईचोटि सुरुसुरुमा त कोहोलपुर सम्म जाँदा पनि मेरो ममीले लिएर जानु भाथ्यो । १० दिनको तालिम थियो । मेरो ममीले के भन्नुभयो, १० दिनको लागि कहाँ छोरीलाई पठाउँछु म यहाँ त पठाउँदिन । त्यसपछि मेरो ममी जानुभयो । मेरो ममी २(३ दिनसम्म बस्नुभयो अनि आत्तिएर त्यहाँबाट भागि हाल्नुभयो । भन्नुभयो, म के गर्ने यहाँ बसि बसि, तिमीहरु दिनभरी तालिम कोठामा हुन्छौ, म फेरी हेरेको हेरै, मेरो के काम छ म जान्छु भनेर फर्केर आउनु भयो । त्यस्तैगरी फेरि एकचोटि त्यहाँ लुम्बिनीमा, मलाई त्यहाँ क्याम्पस देखि पठाउनु भाको

LOOM

थियो । तालिम थियो त्यहाँ, एकजना हाम्रो मैनुदिन सर भन्ने हुनुहुन्थ्यो, क्याम्पसको लेक्चरर् हुनुहुन्थ्यो । उहाँको बिचारा जुन भूकम्प आको थियो नि काठमाडौंमा ।

प्रश्न: हजुर ।

उत्तर: त्यतिखेर उहाँको भूकम्पमा नै इन्तकाल भाको थियो, देथ भाको थियो ।

प्रश्न: हजुर ।

उत्तर: हाम्रो नेपालगन्जको महेन्द्र बहुमुखी क्याम्पसमा लेक्चरर् हुनुहुन्थ्यो । अनि उहाँले नै पठाउनु भाको थियो मलाई लुम्बिनीमा तालिमको लागि । अनि घरमा मेरो जानुभयो, धेरैचोटि भन्नुभो बुवालाई, ममीलाई, दाईलाई भन्नुभयो पठाइदिनुस् तालिम राम्रो छ भनेर । मेरो बुवाले भन्नुभयो नाइ म पठाउँदै पठाउन्न भन्नुभयो । त्यसपछि उहाँले धेरै सम्झाएपछि बुवाले भन्नुभयो, म आफ्नो घरको एकजना गार्डिएनलाई पठाउछु अनि लग्नु छ भने दुई जनालाई लग्नुस् नत्र म पठाइदिन । अनि उहाँले भन्नुभयो, ठिक छ एकजना गार्डिएनलाई पनि पठाइ दिनुस् । अनि मेरो ममी जानुभयो । मेरो बुवाले भन्नुभयो ममीलाई, त जा नत्र छोरीलाई म त्यसै पठाउदिन । त्यहाँ मेरो ममी १० दिन सम्म बसेर आउनुभयो । अब लुम्बिनीबाट त फर्केर आउने कुरा भएन, अनि १० दिनसम्म मसँगै बस्नुभयो तालिममा ।

प्रश्न: ए हजुर ।

उत्तर: सँगै आउनुभयो अनि भन्नुभयो, धेरै राम्रो छ अब म त सँग कहि पनि जान्न, तालिम भनेको एकदम राम्रो कुरा हो, कति राम्रा राम्रा कुराहरू सिकाउँछन् त्यहाँ, राम्रो छ । पहिला सुरुसुरुमा जो पनि आफ्नो केटीलाई, आफ्नो छोरीलाई पठाउन त गाह्रो नै मान्छन् जुन समुदायमा भएपनि, मुस्लिममा मात्रै होइन । मान्छेको इज्जत सबभन्दा ठूलो कुरा हो जब यकिन भइहाल्छ मान्छेलाई विश्वास भइहाल्छ हो यस्तो ठाउँमा जान्छे मेरो छोरी तब त पठाउँछन् । पहिला सुरुसुरुमा त यो कस्तो होला, कुन ठाउँ होला , किन लग्छन्, के तालिम होला भनेर भन्छन् । अब जब दुईचोटि जानुभयो, यकीन गर्नु भयो बहुत राम्रो ठाउँ हुन्छ, त्यहाँ सबै कुराको व्यवस्था हुन्छ, सबै मान्छेहरुको जिम्मेवारी हुन्छ त्यहाँ, अनि पठाउनुभयो । अब पठाउनुहुन्छ, अब त्यस्तो मान्नुहुन्न । ए सबैजना जान्छन्, मेरो छोरी थोडी ना जान्छे भन्नुहुन्छ ।

प्रश्न: हजुर, अनि आम्मा जि नेपालगञ्ज बोर्डरमै पर्छ होइन ?

उत्तर: हजुर ?

प्रश्न: नेपालगन्ज बोर्डर छेउमै छ होइन ?

उत्तर: बोर्डर नै हो नेपालगन्ज । नेपालगन्जको एउटा जेहेसपुर जुन ठाउँमा म काम गर्छु, त्यो जेहेसपुरबाट सेम एउटै येस्तै मिलेको छ बोर्डर ।

प्रश्न: हजुर ।

उत्तर: त्यही बोर्डरमै म काम गर्छु ।

प्रश्न: हजुर ।

उत्तर: त्यो ठाउँमा फेरि कोही पनि जान्न काम गर्न । म मुस्लिम भएर मलाई पठाउनुभयो नत्र अरु मान्छेहरु जादै जाँदैनन् । भन्छन्, त्यो एरियामा म जान्न काम गर्न ।

प्रश्न: किन होला ?

उत्तर: खाली डर मान्छन् । भन्छन, पाकिस्तान हो रे ।

प्रश्न: इन्डिया पाकिस्तान ?

उत्तर: त्यहाँ मुस्लिमहरु धेरै छन् त्यो ठाउँमा । जहेसपुर भन्ने ठाउँ छ, हाम्रो नेपालगंज उप-महानगरपालिकाको वडा नम्बर १६, जहेसपुर । एकदम इन्डियाको छेउमै छ के बोर्डर छ । त्यो ठाउँमा धेरै मान्छेहरु काम गर्न मान्दैनन्, भन्छन् कि त्यहाँ मुस्लिमनै मुस्लिम धेरै छन्, त्यो पाकिस्तान हो, सानो पाकिस्तान भन्छन् त्यसलाई ।

प्रश्न: ए, हिन्दुहरु चाहिँ त्यहाँ जान डराउने कि मुस्लिमहरु नै डराउने ?

उत्तर: नाइ, हिन्दु र अब जस्तै नेपालीहरु भन्छन्, त्यहाँ त मात्रै मुस्लिम छन् ,त्यहाँ केही भयो भने के गर्ने होला, भनेपछि त्यहाँ जाँदैनन् । तर त्यहाँको मान्छेहरु बहुत राम्रो छन्, बहुत  सपोर्ट गर्छन् काम गर्नको लागी ।

प्रश्न: किन चाहिँ त्यसरी डराउनुपर्ने चाहिँ ?

उत्तर: मुस्लिम मात्रै भएर । मात्रै मुस्लिम छन् अनि त्यही भएर डर मान्छन् ।

प्रश्न: ए, मुस्लिम नै भएर पनि किन डराउनु पर्ने । कस्तो खालको चाहिँ उहाँहरुलाई चाहिँ त्यो थट बनेको थियो र ?

उत्तर: अलिकति त्यहाँको केटाहरु, मान्छेहरु इन्डिया देखि काम गर्ने भएको हुनाले अब केहि पर्यो होला त्यस्तो सोच बनाए होलान् तिनीहरूले, त्यही भएर भन्छन् कि म त्यहाँ काम गर्न जान्न भनेर । तर त्यस्तो छैन । मैले दुई वर्षदेखि म त्यही काम गरिराछु, यति सपोर्ट गर्छन् त्यहाँको मान्छेहरु ।  मान्छे पनि राम्रो छन्, त्यहाँको आइमाईहरू, केटीहरु पनि धेरै राम्रो छन् । त्यस्तो केही छैन, वडाअध्यक्ष पनि राम्रो हुनुहुन्छ, सहयोगी हुनुहुन्छ । अहिले त वडा कार्यालयमै यही नेपालगन्जको एउटा नेपाली केटी अनि एउटा मधेसी केटी हिन्दू केटी काम गरिराछन् । अनि स्वास्थ्यचौकीमा पनि नेपाली दिदिबहिनीहरु पनि काम गरिराछन् अहिले ।

प्रश्न: ए हजुर ।

उत्तर: पहिला-पहिला अलि अप्ठ्यारो मान्थे, अब त त्यस्तो मान्दैनन् । अब सोचको विकास हुन लागेछ ।

प्रश्न: ए हजुर, अनि सम्बन्ध चाही कस्तो छ त्यो भारतसँग र त्यो बोर्डर भएकोले, ईन्डिया सँग नेपालको सम्बन्ध बीचको कस्तो छ ? कस्तो खालको सम्बन्ध छ ?

उत्तर: अहिलेको सम्बन्ध त्यति राम्रो छैन । अब नेपालगन्जमा यस्तो अवस्था छ, अब रुपैडिहाको बोर्डरमा यसको अवस्था छ इन्डियाको रुपैडिहा भन्ने ठाउँमा बोर्डरमा कि त्यहाँको मान्छेहरु कुरा एकदम परिसान

भइहालेछन् । अब नेपालगन्जदेखि मान्छेहरु त्यहाँ इन्डिया बोर्डरमा जान्थे , त्यहाँबाट सामानहरु लिएर आउँथे । यहाँको मान्छेहरु यहाँ नेपालगन्ज देखि सामान किन्दा किन्दै दिक्क भैसकेछन् । इन्डियाको मान्छेहरु बिचाराहरू बेच्न नपाएर पुरा सुतीसुती त्यसरी आफ्नो दोकानमा बसेछन् । कति मान्छेहरुले त आफ्नो दोकान पनि बिक्री गरिसकेछन् , रुपैडिहाको मान्छेहरु, इन्डियाको मान्छेहरु ।

प्रश्नः यो कोभिडले ?

उत्तरः अहिलेको अवस्था एकदम खत्तम छ यो कोभिड-१९ ले गर्दा ।

प्रश्नः हजुर ।

उत्तरः सब ठाउँको मान्छेहरु बहुत दुःखी छन् एकदम ।

प्रश्नः ए हजुर, अनि कोभिड भन्दा अगाडी चाहिँ कस्तो थियो ?

उत्तरः बहुत राम्रो थियो सम्बन्ध । त्यहाँबाट यहाँ माल आउँथ्यो, यहाँबाट त्यहाँ मान्छे जान्थे । किनेर सस्तो, अब त्यहाँ त सस्तो सस्तो पाइन्छ सबै सामान । कपडा देखि लिएर रासन, खानपिन, तेल, नुन त्यहाँ सब सस्तो छ अनि नेपालमा सबै चिज महँगो छ । मान्छेहरू गइहाल्थे आधा घन्टाको बाटो हो, गएर अनि सामान किनेर आइहाल्थे । १-१ महिनासम्मको रासन लिएर आइ हाल्थे, कपडाको लिएर आउँथे । बिचारा कति मान्छेहरूको त अब क्यारिङमा नै जीवन बिताइरहेको, त्यस्तो अवस्था पनि थियो । अहिले त उनीहरूको अवस्था हेर्नुहुन्छ भने हाल बेहाल छन् ।

प्रश्नः हजुर ।

उत्तरः कहाँबाट ल्याउने, कहाँबाट खाने, के गर्ने ।

प्रश्नः अनि आम्ना जि यो रिलेसनसिप चाहिँ हुन्छ नि , भारतीय र नेपालीहरु बीचको । जसरी तपाईंको आमा एकजना भारतीय नागरिक, उहाँको तपाईंको बाबासँग विवाह भएर यता आउनुभयो । त्यस्तै अरुहरु कस्तो खालको रिलेसनसिप चाहिँ छ, ईन्डिया र नेपाल बिच चाहिँ ?

उत्तरः ईन्डिया र नेपालको कुरा गर्नुहुन्छ भने रोटी र बेटीको सम्बन्ध छ ।

प्रश्नः हजुर ।

उत्तरः रोटी पनि त्यहिबाट आउने, बेटी पनि त्यही दिने ।

प्रश्नः हजुर ।

उत्तरः त्यस्तो सम्बन्ध छ । इन्डिया र नेपालको सम्बन्ध रोटी र बेटीको छ । खाना पनि त्यहिबाट ल्याउने खाने, बेटीलाई छोरीलाई पनि त्यही दिने । त्यहाँबाट पनि छोरी बिहे गरेर ल्याउने, यहाँबाट पनि छोरा त्यहाँ दिने । छोराको बिहे पनि गर्ने इन्डियाबाट अनि केटीको पनि त्यहाँ गर्दिने । अनि सामानहरु पनि त्यहीँ बाट ल्याउने ।

प्रश्नः एकदमै राम्रो सम्बन्ध छ त्यसोभए ?

उत्तरः एकदम राम्रो छ। सम्बन्ध त यस्तो छ कि त्यहाँ बिचारा मान्छेहरु अहिले के गरम, के गरम जस्तो भाछ। यहाँको मान्छेहरु पनि कहिले खुल्छ, हामी कहिले जान पाउँछौ ईन्डिया अनि त्यहाँको मान्छेहरु कहिले नेपाल बोर्डर खुल्छ कहिले त्यहाँको मान्छेहरु यहाँ आउँछन्, त्यस्तो छ।

प्रश्नः ए हजुर, अनि अर्को कुरा चाहिँ नेपालगन्जको मुस्लिम समाजको इतिहासको बारेमा तपाइलाइ केही थाहा छ ?

उत्तरः मुस्लिम समाजको इतिहासको बारेमा त्यति खासै त मलाई थाहा छैन। इतिहास भनेपछि मुस्लिम समाजको इतिहास त अब कस्तो हुन्छ, तिनीहरू पहिलेदेखि आफ्नो त्योहार मनाउँछन्, आफ्नो नमाज रोजा गर्छन्। पहिला पनि त्यति नराम्रो पनि थिएन अब राम्रै थियो अहिले पनि राम्रै छ।

प्रश्नः हजुर, जस्तै पहिलादेखि तपाईंको कति पुस्ताहरु त्यही हुनुहुन्थ्यो अनि त्यहाँ कताबाट आउनुभयो ?

उत्तरः नेपालगञ्जमा हाम्रो पुस्ताहरु त छैटौ पुस्ता हो।

प्रश्नः छैटौ पुस्तो ?

उत्तरः हजुर।

प्रश्नः हजुर, अनि मुस्लिम समाजको चाहिँ यो कल्चरहरु चाहिँ कस्तो हुन्छ लाइक आर्टहरु अनि म्युजिकहरु, त्यस्तो हुन्छ कि हुँदैन आम्मा जि ?

उत्तरः अब कल्चर हाम्रो अलि त्यही हो। हामीले बुर्का लगाउँछम, सरवाल कुर्ता लगाउँछौ अनि टाउकोमा दुपट्टा हुन्छ तर आजभोलिको यो जेनेरेसनमा जुन केटीहरु छन् तिनीहरू अलिकति आफूलाई मोर्डन गर्नको लागि, अर्कै रुप प्रस्तुत गर्नको लागि अब हिजाब जस्तो एउटा हुन्छ टाउको ढाक्ने अनि यस्तो बान्ने टाउको को कपाल नदेखिने जस्तो लगाउँछन्, दुपट्टा लगाउँछन्, सरवाल कुर्ता लगाउँछन्। भनी ड्रेस त सबै किसिमको लगाउँछन् त्यसमा केही अब छुट्टै मुस्लिमको कल्चर जस्तो अब नकाब मात्रै देखिन्छ, अरु त ड्रेस छ।

प्रश्नः हजुर।

उत्तरः सबै किसिमको कपडाहरु लगाउँछन्, सबै ड्रेस लगाउँछन्।

प्रश्नः हजुर, अनि चित्रकलाहरु या अब गित संगितहरु, त्यस्तो पनि हुन्छ ?

उत्तरः हाम्रोमा त्यस्तो संगीत त हुँदैन। अब संगित भनेपछि हाम्रो मोहोरमको जुन बाजा हुन्छ नि मोहोरममा बजाउने बाजा, त्यो छुट्टै हुन्छ। अनि एउटा हाम्रो मोहम्मद डे मा जुन जुलुस हुन्छ, त्यो छुट्टै हुन्छ। अरु त हाम्रो त्यस्तो केही फरक छैन। चित्रबाट हाम्रो प्रस्तुति केही पनि छैन।

प्रश्नः हजुर कस्तो जुलुस मतलब ?

उत्तरः मुस्लिमहरूको मोहम्मद डे मा लगाउने हरियो झण्डा हुन्छ। अनि हाम्रो बाजा भनेपछि हाम्रो मोहरममा जुन बाजा बजाइन्छ, त्यसको बजाउने तरिका छुट्टै हुन्छ। अनि हाम्रो जुन एउटा नाच हुन्छ मोहम्मद डे मा त्यो पनि छुट्टै हुन्छ। अरु त हाम्रो त्यस्तो केही पनि छैन।

प्रश्नः ए हजुर, अनि तपाईलाई चाहि त्यो बाजाहरु बजाउने, त्यस्तो आउँछ कि आउँदैन, नाच्ने त्यस्तो नाचहरु ?

उत्तरः नाइ हाम्रोमा त नाच्ने छैन । हाम्रो इस्लाममा त्यो बहुत ठुलो गुना हो के, हामी नाच्दैनौ । हाम्रो मुस्लिम नाच्नु हुँदैन । अनि बाजा पनि हामी मुस्लिमहरुमा बाजा बजाउनु हुँदैन । नाच पढ्नुपर्छ, एउटा पढ्ने चिज हुन्छ त्यसलाई पढ्नुपर्छ । जस्तै तपाईहरूकोमा अब धर्मको कुनै टपिक लिएर गाउनु पर्छ नि आफ्नो धर्मको बारेमा । त्यस्तै हाम्रोमा एउटा नाच शरिफ हुन्छ, त्यसलाई हामी पढ्नुपर्छ । अनि बाजा एउटा मोहरम आएपछि मात्रै त्यो बाजा बजाइन्छ । त्यो बाजाबाट नै एउटा उद्देश्य हुन्छ कि अब महोरम आइसकेछ हाम्रो इस्लाम जिन्दा थियो, जिन्दा छ भनेर हुन्छ । अनि हाम्रो जुन हासिफ कुलामे हुसेन अब्दुल्लाको साहादर भइसकेको छ । साहादर भनेपछि जस्तै सहिद भएपछि उहाँ जिउँदो हुनुहुन्छ इस्लाममा हाम्रो । उहाँले नै हाम्रो इस्लामलाई सिच्नु भयो । आफ्नो रगतले नै हामीलाई माथि गराउनुभयो । त्यो उद्देश्य दिन्छ त्यो बाजाले, त्यत्ति हो । नत्र त हाम्रोमा बाजा बजाउने, नाच्ने, गाउँने त्यस्तो केही पनि छैन हाम्रो इस्लाममा । त्यसको त्यो हाम्रो सरिहतमा त्यसको लागि केही छुट नै दिएको छैन । त्यो भन्दै भनेको छैन कि हामीले नाच्नुपर्छ, गाउनुपर्छ । हाम्रो इस्लाममा त्यस्तो केही पनि छैन ।

प्रश्नः ए हजुर, अनि रमादान चाहिँ मनाउनु हुन्छ कि हुँदैन ?

उत्तरः हजुर ?

प्रश्नः रमादान ।

उत्तरः रमजान ?

प्रश्नः हजुर, तपाईहरुले रमजान भन्नुहुन्छ ?

उत्तरः रमजानमा हामी एक महिनाको रोजा बस्छौ, त्यसको भोली बिहान ईद मनाउँछौ । ईदमा हाम्रो नयाँ लुगा लगाउने अनि गरिबहरुलाई जका दिने, सक्त दिने, पैसा दिने, छ भने एक जोडा कपडा पनि बनाइदिने । कोही गरीब छ भने आफ्नो छरछिमेकमा कुनै गरिब मान्छे छ, उसको खाने लाउने छैन भने उसलाई पनि दिने । नमाज पढ्ने अनि एक अर्कालाई मुबारक बात दिने ईदको त्यस्तो पनि हुन्छ ।

प्रश्नः हजुर, यो कोभिडमा त भिन्नै तरिकाले मनाउनुभयो होला ?

उत्तरः कोभिडमा त हामीले के मनायौ अब घर घरैमा मनायौ । अब एक अर्काको घरमा पनि जान पाएनम् मात्रै कसैसँग भेट भयो भने सलाम वालेकुम, वालेकुम सलाम त्यतिमात्रै हो । हात पनि नमिलाउने अनि गला पनि नमिलाउने त्यस्तो भयो यसपालि त ।

प्रश्नः हजुर ।

उत्तरः अनि हामी यसपाली त कसैले घरमा पनि पस्न पाएनम् ।

प्रश्नः के भन्नुभयो मैले बुझिन ?

उत्तरः यसपालिको ईदमा त हामी कसैको घरमा पनि गएनम् कोही हाम्रो घरमा पनि आएनन् ।

LOOM

प्रश्नः ए हजुर ।

उत्तरः फोनबाट मात्रै मुबारक बात दिइयो ।

प्रश्नः हजुर तपाइँलाई अनौठो लाग्यो यसपाली, न्याम्रो लाग्यो ?

उत्तरः नराम्रो लाग्यो के यसपालीको सबै त्योहारहरु त्यस्तै भयो । मोहरम पनि त्यस्तै गइगो, ईद पनि त्यस्तै, बकर ईद पनि त्यस्तै ।

प्रश्नः हजुर, अनि आम्ना जि तपाईंको लाइफमा सबैलाई एकदमै ठुलो इस्ट्रगल लाग्ने चाहीँ के हो जस्तो लाग्छ तपाईंको लाइफमा भएको ?

उत्तरः इस्ट्रगल ?

प्रश्नः हजुर इस्ट्रगल, तपाईंले भोग्नुपरेको दुख ।

उत्तरः दुख भनेपछि खासै मैले त्यस्तो दुःख त केही पनि भोगेको छैन । अब त्यही त मैले भने, म कान्छी छोरी घरको । सबभन्दा घरमा कान्छी मै  अब अंकलहरूको परिवार त छुट्टै भयो । उनीहरु पनि कान्छी भएपनि अब छिटै छिटै बिहे भैहाल्यो । म भन्दा नि जेठी नै भैहाले सबैजना बिहे गरिसकेपछि । अहिले पनि मै कान्छि घरमा मलाई त्यस्तो खासै केही पनि लागेन । मलाई खासै त्यस्तो इस्ट्रगल पनि गर्नुपरेन । अब स्कुल पढाउँदाखेरि कहिलेकाहीँ अप्ठ्यारो हुन्थ्यो, कामको दौरानमा कहिले साँझ भइहाल्थ्यो, कहिले अब २-४ घण्टा रातिनै भइहाल्थ्यो मतलब ६ बजि हाल्थ्यो कामको दौरानमा, त्यतिमात्रै हो । फिल्डमा गएपछि त हाम्रो ६ बजे जसरी भएपनि घर फर्की हाल्छम्, ६ बजे भन्दा त हाम्रो काम नै हुदैन फिल्डमा । त्यस्तै हामीले कहिले पनि अब इस्ट्रगल त गरेनौ ।

प्रश्नः हजुर ।

उत्तरः अब पढाइको दौरानमा मेहनत गर्नुपर्यो पास हुनको लागि, फस्ट डिभिजन आउनको लागि । मेरो फेरी म एस.एल.सी देखि लिएर बि.ए सम्म गर्दागर्दै पनि फस्ट डिभिजन नै आयो । मेरो मार्क राम्रो थियो फस्ट डिभिजन        आयो ।

प्रश्नः हजुर, अनि तपाइको उद्देश्य चाहिँ के छ ?

उत्तरः हजुर ?

प्रश्नः तपाइको उद्देश्य चाहिँ ?

उत्तरः मेरो उद्देश्य पहिलादेखि नै म टिचर बन्छु, पढाउँछु अनि नयाँ नयाँ कुराहरु सिक्छु, त्यही उद्देश्य थियो मेरो । मैले आफ्नो उद्देश्यलाई पूरा गरिसके । म टिचर पनि बनिसके, प्रिन्सिपल पनि बनिसके, ट्रेनर पनि बनिसके । अनि सिलाईको पनि ट्रेनर छु म । सिलाइ कटाइ पनि आउँछ, मेहेन्दी पनि आउँछ, ब्युटिसियन पनि आउँछ मलाई ।

प्रश्नः हजुर ।

उत्तरः अनि सबैको कोर्स पनि गरिसके। सिलाइकटाइ पनि सिकाई सके। सिलाइकटाइको ट्रेनर बनेर पनि काम गरिसके । अब मेरो उद्देश्य त्यस्तो केही पनि छैन । अब जबसम्म अहिले बाँचेछु हेरम के(कस्तो अगाडिको सिचुवेसन हुन्छ। अहिले काम गरिराछु। काम गर्न पनि राम्रो लागिराछ मलाई। फिल्डमा काम गर्न एकदम खुशी भाछु। कसैलाई केही भनेपछि उसले मेरो कुरा मान्छ, त्यही मेरो लागि सबैभन्दा ठूलो कुरा हो। मैले भने अनुसार कसैले आफ्नो जीवनलाई अगाडी बढाउँछ जिन्दगीलाई, आफ्नो छोराछोरीलाई स्कुल पठाउँछ अनि धेरै सानो उमेरमा बिहे गर्दैन, आफ्नो छोराछोरीको भविष्यलाई हेर्छ, त्यो नै मेरो लागि सबैभन्दा ठूलो कुरा हो । अनि मेरो उद्देश्य त्यसैमा नै पुरा हुन्छ । जुन काम लिएर म कामको लागि अगाडि बढेछु त्यो काम सफल हुन्छ, त्यो नै मेरो लागि ठुलो कुरा हो ।

प्रश्नः हजुर, मेरो अब प्रश्नहरु सकियो नै भन्दा हुन्छ। एउटा अन्तिम चाहिँ के छ भने, आम्ना जि तपाइको नामको अर्थ चाहिँ के हो ?

उत्तरः मेरो नाम आम्नाको अर्थ मेरो इस्लामिक तरिकाले यो हो कि शान्त मिजास भाको ।

प्रश्नः शान्त मिजास ?

उत्तरः हजुर शान्त मिजास भाको मतलब एकदमै शान्त वातावरणलाई रोज्ने, शान्तिमा रमाउने मेरो अर्थ हो के नामको ।

प्रश्नः हजुर, अनि तपाईलाई तपाई त्यस्तै हुनुहुन्छ जस्तो लाग्छ ?

उत्तरः अब खै त अरुले भन्छन् नि । मलाई त्यस्तो केही लाग्दैन । लाग्न त म जस्तै अब भन्छन् नि यो जेनेरेसनमा के खाने, के लगाउने, यस्तो गर्नुपर्छ उस्तो गर्नुपर्छ अनि यस्तो फेसन गर्नुपर्छ उस्तो फेसन गर्नुपर्छ, यो चिज मेरोमा छैन । मेरो मिजास भनेपछि मलाई झगडा भएको ठाउँ राम्रो लाग्दैन । मलाई शान्त वातावरण नै एकदम राम्रो लाग्छ । हुन त केही केही कुरा त त्यसमा छ, मेरो नाममा ।

प्रश्नः हजुर ।

उत्तरः मलाई कसैले केही भनेपछि म त्यसलाई केही भन्दीन । मेरो अफिसमा पनि मलाई के भन्छन् अब म नभएपछि उनीहरुको कुरा गर्छन् के, यैल्लाई त जे भने नि केहि भन्दिन, हाँसोमा भने नि केहि भनदिन्, मजाकमा भने नि केहि भनदिन्, रिसमा भने नि केहि भनदिन्, मतलब म प्रतिक्रिया दिन्न के । म त्यसको उत्तर फर्काउदिन । मलाई कसैले एकदम अप्ठ्यारो न अप्ठ्यारो दिएपनि म त्यो कामलाई हुन्छ भन्छु, हुन्छ गर्दिन्छु। त्यही भएर भन्छन् यैल्लाई त जे गरेपनि हुन्छ हुन्छ भन्दीन्छे। यो काम म पूरा पनि गर्दिन्छु । एकदम शान्त मेरो मिजास छ । मेरो त्यस्तै छ के नाम अनुसार नै छ अब अरुले भन्दाखेरी सुन्छु ।

प्रश्नः हजुर, तर आम्ना जि हजुर र म मा के सिमिल्यारिटी रहेछ भने म पनि कान्छी छोरी, मेरो पनि दाजु र दिदी हुनुहुन्छ ।

उत्तरः हजुर ?

प्रश्नः तपाईं जस्तै मेरो परिवारमा पनि म पनि कान्छी छोरी । मेरो दाजु र दिदी पनि हुनुहुन्छ अनि म पनि कान्छी परे के ।

उत्तरः ए ।

प्रश्नः हजुर, मेरो पनि दाजुको बिहे भैसक्यो ।

उत्तरः हजुर मेरो पनि दाईको बिहे भैसक्यो, दुइटा बच्चा छन् ।

प्रश्नः ए ठ्याक्कै मेरोपनि दुइटा बच्चा छ (हा हा), ठ्याक्क मिलेछ । तपाईंको दिदीको बिहे भयो ?

उत्तरः हजुर ।

प्रश्नः ए मेरो पनि भइसक्यो । सेम भएछौ हामी । हजुर अब साथीहरूको केही प्रश्न छ भने म छोडिदिन्छु है ।

उत्तरः हजुर ।

प्रश्नः विद्याको छ जस्तो छ । इयरफोन लाएर क्वेसन सोध ल विद्या, अगि तिम्रो मिली राको थिएन, आवाज आइराको थिएन ।

विद्या : अहिले सुनिन्छ ?

प्रश्नः अ सुनिराछ अहिले चाहिँ ।

विद्या : अहिले सुनिन्छ होला है ?

प्रश्नः अ सुनियो ।

उत्तरः सुनिएछ सुनिएछ ।

विद्या : आम्ना जि धम्बोझी धम्बोझी भन्दाखेरी मलाई पनि नेपालगन्जको धम्बोझी धेरैपटक पुगेको याद छ के, २-३ पटक पुगेछु ।

उत्तरः हो र आउनु भाछ तपाईं ?

विद्या : सुन्नु भाछ मैले बोलेको ?

उत्तरः अहिले सुनेछु ।

विद्याः ए, अनि म धम्बोझी चोकदेखि उता नेपालगन्जको त्यो उता पुष्पलाल चोकतिर जाँदा बाटोमा धेरैजना दिदीबहिनीहरु, मुस्लिम दिदीबहिनीहरु चाहिँ बुर्का लगाउनु भाको अनि कालो ड्रेसअपमा हुनुभाको देखेको हुन्छु के मैले ।

उत्तरः हजुर हजुर ।

विद्याः त्यो बुर्का भित्रको अनुभव चाहिँ कस्तो हुन्छ, यो पनि सेयर गर्दिनु न ?

उत्तरः तिनीहरू बुर्का लगाउँछन् । बुर्का भित्र त हामी जस्तै तपाईहरु जो ले पनि जस्तो ड्रेस लगाए पनि हुन्छ । बुर्का किन लगाउँछन् भने जस्तो अब बिहे भैसकेको हुन्छ, ससुराल आउँछन । भन्छन्, अब म यो

LOOM

घरको बुहारी भैसके अब बुर्का लगाउने पर्छ भनेर उनीहरूको सोच हो । नत्र पछि पछि आफ्नै इच्छाअनुसार चेन्ज पनि गर्दिन्छन् । कसैलाई लगाउन मन छ भने लगाउँछन् । अब हाम्रो बिहे मा के चलनचल्ती हुन्छ भने बुर्का लगाउनुपर्छ के । बिहेको दिन  त्यो बुर्का लगाउनुपर्छ । ससुराली देखि जान्छन्  बिहेमा । त्यो उताबाट जब दुलही फर्काउँछन्, त्यो बुर्कानै ओडाएर  पठाउँछन् । अब ओडाएर पठाएपछि उनीहरू के सोच हुन्छ भने यो बुर्का त मेरो लागि आएको छ, यसलाई ओड्नु   पर्छ , लगाउनुपर्छ । त्यही लगाउँछन् लगाउँछन् फेरी अब मन छैन भने फेरी चेन्ज गर्दिन्छन् । कहिले चादर ओड्ने , कहिले सल लगाउने ।

विद्याः लाउन पर्छ भन्ने बाध्यता चाहिँ हुँदैन ?

उत्तरः यस्तो बाध्यता हुँदैन अब उनीहरु माथि निर्भर हुन्छ । उनीहरु लगाउन चाहन्छन् भने लगाउँछन् तर बिहेमा अनिवार्य नै जान्छ त्यो चिज । नकाब भन्छन् हाम्रोमा, जान्छ त्यो ।

विद्याः ए अनि अर्को चाहिँ, तपाईंको सबै कुरा सुन्दा चाहिँ तपाईं मुस्लिम समुदाय भित्र पनि एकदमै राम्रो खालको वातावरण पाउनुभएको, फेमिली बेकग्राउन्ड राम्रो भएको जस्तो सुनियो ।

उत्तरः हजुर ।

विद्याः तर मुस्लिम समुदायले अलिकति पछाडि पारिएको समुदाय हो भनेर चिनिन्छ जनजाति समुदाय जस्तै मार्जिनल कम्युनिटी कै रुपमा हेरिन्छ । तपाईंले आफ्नो पृष्ठभूमिलाई हेरेर तपाईंको मुस्लिम समुदायका महिला दिदीबहिनीहरूको अवस्थालाई हेर्दा खेरि उहाँहरुलाई चाहिँ कसरी तपाईंले नियाल्नु भाको छ उहाँहरुलाई चाहिँ ?

उत्तरः नाइ, पहिला पहिला त के हुन्थ्यो मुस्लिमहरु वास्तवमा नै पिछडिएको नै थिए । तर अहिलेको जुन जेनेरेसन छ, अहिले जुन आफूमाथि परेछन् जस्तो भन्छन् अहिलेका आइमाईहरु सँग कुरा गर्दाखेरि म कहिले फिल्डमा जाँदाखेरि उनीहरुलाई सोध्छु के, तपाईहरुले आफ्नो छोरीहरूको कति उमेर पुगेपछि बिहे गर्नुहुन्छ अनि के गर्नुहुन्छ कति शिक्षा उनीहरुलाई कति पढाउनुहुन्छ । उनीहरूले भन्छन्, बहिनी मैले त आफ्नो जिन्दगी जसरी बिताउने बिताए तर आफ्नो छोरीहरुलाई त म यत्तिकै छिटो बिहे गर्दिन अब छोरीलाई त पढाउँछु, उसले जति भन्छ त्यति पढाउँछु त्यसपछि उसको बिहेको उमेर भइसकेपछि मात्रै बिहे गर्छु । अहिले त सबै मुस्लिमहरूको पनि सोच चेन्ज भइसकेको छ, पहिला जस्तो छैन । पहिला पहिला त, पढाएर के हुन्छ आखिर ससुरालीमा जान्छन्, काम गर्छन्, भाडा माभ्छन्, खाना पकाउँछन् त्यति त हो । तर आजभोलिको जुन नयाँ नयाँ जेनेरेसन छ जस्तै मेरो दाइको एजको जस्तै ३५ (४० त्यस्तो अब उनीहरूको छोरीहरु छन् । उनीहरुले के भन्छन्, अब हाम्रो छोरीलाई डाक्टर बन्छन् भने डाक्टर पढाउँछु, इन्जिनियर बन्छन् भने इन्जिनियर पढाउँछु, जे बन्न चाहन्छन्  तिनीलाई पढाउनुपर्छ अनि उमेर पुगेपछि मात्रै बिहे गर्नुपर्छ । अहिले त सबैको सोच चेन्ज भइसकेको छ । पहिला जस्तो छैन, पहिला त एकदम, पढाएर के गर्ने र आखिर त भाडा माभ्नुपर्छ, ससुरालमा गएर त कामै गर्नुपर्छ,  २(४ वटा कुरा सुन्नैपर्छ , त्यस्तो सोच थियो । तर अहिले त्यस्तो केही पनि छैन । हेलो ?

विद्याः ल धन्यवाद तपाईंलाई मेरो कुरा सकियो ।

उत्तरः हजुर, ल धन्यवाद म्याम ।

प्रश्नः हजुर तपाईलाई पनि धेरै धेरै धन्यवाद ।

LOOM